# चामुण्डाबिन्द्रासैनी बुलेटिन



**सहकार्य**

**स्टार इनोभेसन एण्ड रिसर्च सेन्टर प्रालि**

वीरेन्द्रनगर-६, सुर्खेत

**प्रकाशक**

**चामुण्डाबिन्द्रासैनी नगरपालिका**

दैलेख, कर्णाली प्रदेश, नेपाल

# चामुण्डाविन्द्रासैनी नगरपालिकाले गरेको उपलब्धीहरु



**१. शिक्षा**

क) शैक्षिक क्षेत्र विकास अन्तर्गत एक वडा/एक नमुना विद्यालय

ख) नगरपालिकाको वडा नं. ३ को चामुण्डा माध्यमिक विद्यालयमा तीन वर्षे बालि विज्ञान संचालन गरी आउ, पढ्, कमाउ र घर जाउको निति अनुरुप २८७ रोपनी जग्गामा डि.पि. आर निर्माण ।

ग) नेपालमै पहिलो पटक शिपमुलक/चरित्र निर्माण सम्बन्धी अभिभावक शिक्षामाला तयार र नगरपालिका कला संस्कृति, भुगोल लगायत विषयहरु समेटर स्थानीय पाठ्यक्रम तयार।

घ) संविधानको मौलिक हकलाई कार्यान्वय गर्न कोही पनि बालबालिका शिक्षाबाट वञ्चित हुन नदिनका लागि नगरपालिकाले प्रत्येक टोल टोलमा बाल शिक्षा कक्षा संचालन।

**२. स्वास्थ्य**

क) सबै वडामा १२ वटा शहरी स्वास्थ्य क्लिनिक स्थापना

ख) प्रत्येक नागरिकलाई स्वास्थ्य परिक्षण पहुँचलाई सहज बनाउन प्रत्येक वडामा शहरी स्वास्थ्य क्लिनिक स्थापना गरी सेवा संचालनमा ल्याईएको छ। भुगोललाई मध्यनजर गरी १ , २ र ५ नं. वडा दुई/दुई वटा शहरी स्वास्थ्य क्लिनिक संचालन गरिएको छ । जेष्ठ नागरिक, गर्भवति महिला, अपाङ्गता र बालबालिका घरदैलो उपचार सेवा संचालन।

ग) सबै स्वास्थ्य चौकीमा यातायातको सुविधा ।

घ) आवास र यातायातको सुविधा नलिएर जनताका लागि एम्बुलेन्स खरिद गरि एम्बुलेन्स सेवा संचालन

ङ) विन्द्रासैनी स्वास्थ्य चौकीलाई २५ शैयाको अस्पताल स्वीकृत भई पुर्वाधार निर्माण भईरहेको। :द्यदव डाक्टरबाट नागरिकहरु स्वास्थ्य लाई सेवा प्रवाह।

च) आर्वेदिक शाखा स्थापना। वडा नं. ४ को रोशनीडाडामा आर्वेदिक अस्तपाल निर्माणका लागि पुर्वाधार तयार भईरहेको

छ) हाडाकोटा स्वास्थ्य चौकीमा नयाँ भवन निर्माण भई नयाँ भवनबाट सेवा प्रवाह

**३. खानेपानी**

क) नगरवासी खानेपानी समस्यालाई समधान गर्न ३८ किलो मिटर ताढाबाट वृहत मजुवा खानेपानीका निर्माणधिन अवस्थामा रहेको र यो योजना संघ सरकारको मातहतमा रहेको । यसको विकल्पको रुपमा कर्णाली लिफ्ट खानेपानीलाई अघि बढाईएको छ जसको भटिकल ६०० मि. उचाई रहेको छ। कर्णाली लिफ्टका आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको ।

ख) नगरपालिका केन्द्र जम्बुकाँधको खानेपानीको समस्यालाई समधान गर्न नगरपालिका र ग्रामीण जल स्रोत व्यवस्थापन परियोजना साझेदारीमा धुपी धाराको पानी लाई लिफ्टिङ गरी बजारमा पानीको समस्या समधान गरिएको।

ग) वस्तीहरुको खानेपानी समस्या समधान गर्न टोल वस्तीमा रहेका खानेपानीका मुहान सुधार र बाढी पहिरोबाट विग्रिएको खानेपानीका आयोजना मर्मत सुधार गरी वस्तीहरु खानेपानीको पहुँच पुऱ्याईएको।

**४. कृषि/पशु**

क) एक वडा/एक नर्सरी

ख) रैथाने विउ-विजन संकलन तथा संरक्षण केन्द्रको निर्माणधिन

ग) कृषि पकेट एरिया, कि.वि पकेट एरिया, ओखर, आप, टिमुर अनार, अलैची र सुन्तला पकेट एरिया

घ) नगरपालिकाको वडा नं. ३ मा र अन्य वडाहरुमा ७५

प्रतिशत महेललाई कलमे गरी नास्पती बनाईएको छ

ङ) लोकल कुखुरा बाख्रा र भैसी फर्मको संचालन गर्ने तयारी

च) वडा नं. २ को चाल्ने चौतारामा सहकारी मार्फत दुध डेरीको स्थापना गरी संचालनमा

छ) कृषकहरुलाई भैसी वितरण वडा नं. १,२,३,४,५,६ मा

### ५. वन तथा वातावरण

क) जंगल संरक्षणका लागि एक वडा पाँच निर्वाचित प्रतिनिधि संरक्षित जङ्गलको ऐन पास गरी ४५ वटा जङ्गल संरक्षण गरी २९ प्रतिशत जंगललाई हाल ४३ प्रतिशतमा वृद्धि गरिएको ।

ख) नगरपालिकाको वडा नं. ६ मा १० हेक्टर क्षेत्रफलमा कर्णाली प्रदेशकै ठुलो नगरपार्क निर्माणधिन ।

ग) स्थानीय फलफुल संरक्षित क्षेत्र निर्धारण, चिउरी, काफल, चुत्रा, तिदु, गुराँस लगायतका वनस्पति र जडीबुटीको संरक्षण गरिएको ।

घ) नगरपालिकाको वडा नं. ६ को लैनचौरमा कृषि वनमा आधारित औद्योगिक ग्राम स्थापना कार्य अघि बढी रहेको ।

ङ) चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्रको जलचर एवं जलीय जैविक विविधताको संरक्षण गर्न, जलचरमा आधारित जीविकोपार्जनको प्रबर्द्धन तथा व्यवस्थापन गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय बीचको अन्तर सम्बन्ध तथा अन्तर निर्भरता सुदृढ गर्न तथा नदी, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न नगरपालिकाले जलचर एवं जलीय जैविक विविधतासंरक्षण सम्बन्धि विद्येयक बनाई कार्यान्वय चरणमा रहेको ।

छ) जैविक मैत्री, वातावरण मैत्री नगरपालिका बनाउन वडा नं. ९ को साङ्गेतडा देखि वडा नं. १ को गाबुगौडासम्म १,००८ (एक हजार आठ) वर-पीपल रोप्ने कार्यलाई तिव्रता दिईएको छ ।

ज) कृषिलाई आधुनिकरण र व्यवसायी बनाउन वडा नं. १ मा दैलेखमै पहिलो पटक किवि खेती संचालन तथा प्रधानमन्त्री आधुनिकरण परियोजना अर्न्तगत नगरपालिकाका विभिन्न स्थानमा फलफुल पकेट क्षेत्र लागु गरिएको छ ।

झ) सडकलाई वातावरण मैत्री बनाउन १००१ -एक हजार एक) वरपिपल रोप्ने कार्यलाई तिव्र रुपमा अघि बढाईएको

### ६. पूर्वाधार

*"फराकिलो बाटो, फराकिलो नगर र फराकिलो मन" भन्ने मुलनारा*

क) हरियाली सडक होइन, आयमुलक जैविक मैत्री हरियाली सडकको नीतिलाई अघि बढाईएको

ख) एक वडा/एक खेलकुद मैदान र आगामी वर्षदेखि एक टोल एक खेलमैदान नीतिलाई अघि बढाईएको

ग) चामुण्डाविन्द्रासैनी नगरपालिकाको वडा नं ४ को पोखेखाल र वडा नं. ८ को विन्द्रासैनीमा विशाल खेलमैदान निर्माण कार्य तिव्रता

घ) सबै वडा र स्वास्थ्य चौकीमा १२ महिना यातायात पहुँच

ङ) यातायातको सुविधालाई सहज बनाउन नगर गौरव मार्ग साङ्गेतडा राँगाजुधे सडकखण्डको स्तर वृद्धि गरी १२ महिना यातायात संचालनमा सहज भएको ।

च) कृषि उत्पादनलाई बजारिकरण गर्न सहज बनाउन वडा नं. ९ को हिउकेपानी देखि वडा नं. ६ को लैनचौर सम्म कृषि सडक निर्माण गरिएको

छ) सुरिक्षत निर्माण

### ७. पर्यटन तथा पूर्वाधार

क) कर्णाली प्रदेशमै पहिलो स्थानीय कालिगठद्धारा निर्मित ९ फिट अग्ला शक्तिका प्रतिक २ वटा तरवार निर्माण

ख) प्रदेशकै विशाल घण्ट निर्माण

ग) सम्पुर्ण मठ-मन्दिरहरुको खोज अनुसन्धान तथा इतिहाँस लेखनका साथै पुरातात्विक विभागबाट अनवेषण भईरहेको ।

घ) भोटे राजाको राजाधानी भोट पोखरीको पुरातात्विक विभागबाट अन्वेषण भईरहेको

ङ) स्थानीय स्तरमा लोप भएका कला संस्कृतिक, साविकका गाविस संरचना हुदाँ भएका विकास निर्माण, नगरपालिका स्थापना भएपछि भएका विकास निर्माणका कार्य समावेसी गरी वृत्ताचित्र निर्माण भईसकेको छ ।

च) स्थानीय खानाको मेनु निर्माण भईरहेको

छ) स्थानीय लोक कलाकारको सम्झनामा अमरसिंह ढोलीको शालिक तयार भएको

ज) विन्द्रासैनी मन्दिरमा भएको अतिक्रमणलाई हटाई मन्दिर क्षेत्रमा घेरवार गरी थप व्यवस्थित बनाइएको छ ।

### ८. सामाजिक विकास

क) बढ्दै शहरी र नागगरिकलाई वैकिङ सुविधालाई सहज बनाउन नगरपालिकाको केन्द्रमा नेपाल एस.वि.आई बैकका शाखा संचालन गरी बैकिङ कारोबार गर्न सहज भएकोछ ।

ख) जनताको जीउ धनको सुरक्षाका लागि नगरपालिकाको पहलमा जम्बुकाँधमा अस्थायी प्रहरी पोष्ट स्थापना गरी स्थायी प्रहरी चौकी स्थापना भई नगरपालिकाको लगानीमा प्रहरी चौकीको भवन निर्माण ।

ग) दलितको सम्मान गर्दै नगरपालिकाको वडा नं. ९ मा अमर सिंह ढोलीको शालिक निर्माण गरिएको छ ।

घ) वार्षिक र आवधिक योजना तर्जुमा, लागत, योजना कार्यान्वयन आफ्नो क्षेत्रभित्रको प्राकृतिक तथा भौतिक साधन श्रोतहरुको व्यवस्थापन संचालन कार्यविधि आदिको प्रयोगवाट नगरपालिकाले गर्ने गराउने अख्तियारी प्राप्त कामहरु गर्दा गराउदा आवधिक कार्य मुल्याङ्कन उपलब्धि जस्ता कुराहरुलाई समेटेर नगर प्रोफाई तयार भएको

च) नगरपालिकाले बजेट विनियोजित र निर्णय गरी समाजमा कायम रहेको छाउपडी प्रथालाई नियन्त्रण गर्न विभिन्न जनचेतना मुलक कार्यक्रमको आयोजना गर्दै आएको ।

# नागरिकलाई स्वास्थ्य पहुँचमा सहज बनाउन सबैमा वडामा सहरी स्वास्थ्य क्लिनिक स्थापना




चामुण्डाविन्द्रासैनी नगरपालिका सबै वडामा शहरी स्वास्थ्य क्लिनिक स्थापना गरिएका छन। नागरिकलाई घरदैलोमै स्वास्थ्य उपचार दिने उद्देश्यका साथ नगरपालिकाहका १४ स्थानमा शहरी स्वास्थ्य क्लिनिक स्थापना गरिएको हो। जनतालाई घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ आर्थिक वर्ष २०७५/०७६ मा नगरपालिकाले शहरी स्वास्थ्य क्लिनिक संचालन सम्बन्धी कार्यविधि पास सबै वडामा शहरी स्वास्थ्य क्लिनिक स्थापना गरिएको छ। भौगोलिक विकटतालाई मध्यनजरी गरी वडा नं. १ को पाल्त र सिमसेर, वडा नं. २ को चाल्ने चौतारा र सिरवल, वडा नं. ५ को छहरेखोला र सितला र वडा नं. ७ को मष्टामाडु र पालेतडामा शहरी स्वास्थ्य क्लिनिक स्थापना गरिएको जनाईएको छ।

शहरी स्वास्ध्य क्लिनिक स्थापना भएपछि अब गर्भ जाँच गर्न उकालो बाटो हिडेर स्वास्थ्य चौकी कोही कसैलेपनि जानु नपर्ने चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताउनु भयो।

कोही कसैलेपनि २/३ घण्टा उकालो बाटो हिडेर स्वास्थ्य चौकी गएर गर्भ जाँच/प्राथकिम उपचार गर्नु पर्ने बाध्यताको अन्त्य भएको उहाँले बताउनु भएको छ। ' नगरभित्रका गर्भवति महिलाले गर्भ चेक जाँच गर्न स्वास्थ्य चौकी जानुपर्दै, 'शहरी स्वास्थ्य क्लिनिकका कर्मचारीले प्रत्येक महिना तपाईको घरदैलोमै पुगेर गर्भ गर्नेछन।' उहाँले भन्नुभयो-

जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र ५ वर्ष मुनिका बालबालिकालाई घरमै पुगेर उपचार गर्ने नगरपालिकाको नीति रहेको नगर-प्रमुख शाहीले बताउनु भयो। जेष्ठ नागरिक मात्र नभई अबको नगरवासीले प्राथमिक उपचारबाट वञ्चित नहुने उहाँको भनाई छ। शहरी स्वास्थ्य क्लिनिकका कर्मचारीले प्रत्येक महिला घरदैलोमा पुगेर चेक जाँच नगरेको खण्डमा वडा कार्यालय गुनासो गर्न सबैलाई आग्रह गर्नुभयो।

निर्वाचनमा गरेको प्रतिवद्धता अनुसार नै शहरी स्वास्थ्यलाई पहिलो प्राथमिकता राखि काम गरिएको उहाँले बताउनु भयो। जनता स्वास्थ्य भन्दा ठुलो केही नभएकाले आफुले यातायातको सुविधा र आवासको सुविधा नलिएर जनताका लागि एम्बुलेन्स खरिद गरी संचालनमा ल्याएको उहाँले बताउनु भयो।

साथै वडा अध्यक्ष र शहरी स्वास्थ्य क्लिनिकका कर्मचारीले वडाभित्रका जेष्ठ नागरिक, गर्भवति महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिको तथ्यांक संकलन गर्न निर्देशन उहाँले दिनुभयो।

जिल्ला विकास समितिका पुर्व उप-सभापति एवम् नेपाल कम्युनिष्ट पार्टी कर्णाली प्रदेश कमिटिका सदस्य सूर्यबहादुर शाहीले शहरी स्वास्थ्य क्लिनिक स्थापना गरी जनतालाई स्वास्थ्य सेवा दिने कायको प्रसंशा गर्दै स्वास्थ्य सेवालाई आगामी दिनमा थप प्रभावकारी बनाउन उहाँले सुझाव दिनुभयो। साथै विकास सरकारले मात्र गर्न नसक्ने भएकाले विकास गर्न जनताको सहयोगको आवश्यकता पर्नेमा उहाँले जोडदिनुभयो।

पालेतडाका सर्वसाधरण एक गोली सिटामोलका लागि दुई घण्टा पैदल हिंडर वा ँ भाडा तिरेर लयाटीविन्द्रासैनी स्वास्थ्य चौकी जानुपर्ने बाध्यता थियो। शहरी स्वास्थ्य क्लिनिक स्थापना भएपछि सर्व साधारणहरु खुसी भएका छन।

# नगरवासीलाई एम्बुलेन्स 'उपहार'




यातायात सुविधाको अभावमा अकाल मै ज्यान गुमाउनुपरेको अवस्थालाई मध्यनजर गर्दै चामुण्डाविन्द्रासैनीले एम्बुलेन्स सेवा सुरु गरेको छ। जनताको स्वास्थ्य उपचारमा सहज बनाउने उद्देश्यका साथ नगरपालिका मार्फत संचालन हुने गरि एम्बुलेन्स सेवा सुचारु गरिएको हो।

गाडी सुविधा नलिएर गत आर्थिक वर्ष २०७४/०७५ मा नगरपालिकाले एम्बुलेन्स खरिद गरिएको हो। नगर प्रमुख सुर्यबहादुर शाहीले यातायातको सुविधाको अभावमा नगरवासीले अकालमै ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य भएको बताए। उनले नयाँ संविधानले सबै नागरिकलाई अनिवार्य रुपमा शिक्षा र स्वास्थ्य सुनिश्चित गरेको अवस्थामा नगरवासीलाई एम्बुलेन्स सेवाले ठूलो राहत मिल्ने बताए। आफु निर्वाचित भएपछि जनतालाई बचाउन एम्बुलेन्स किन्छु गाडी चढ्दैन भन्ने प्रतिवद्धता अनुरुप नै एम्बुलेन्स सेवा सुचारु गरिएको उनको भनाई छ। उनले भने, 'अब कोही नागरिकले समयमै उपचारबाट वञ्चित भई अकालमै ज्यान गुमाउनु पर्ने छैन।' जनताको जीवन बचाउनका लागि नै एम्बुलेन्स सेवा खरिद गरेको उनले बताए। स्वास्थ्य समस्या समाधान गर्नका लागि सहज हुने विश्वास लिएको बताए।

यातायताको सुविधा नभएकाले यसअघि स्थानीयले बिरामीलाई घण्टौं पैदल बाटोमा बोकेरै उपचाका लागि यातायताको सुविधा भएको स्थान पदुका खोला र दुल्लु लैजाने गरेका थिए।

एम्बुलेन्स सेवा सञ्चालन भएसँगै नगरपालिकाका २६ हजार जनता लाभान्वित हुने भएका छन्। त्यस क्षेत्रका बिरामीलाई स्थानीय स्वास्थ्य केन्द्रसम्म र त्यहाँ उपचार सम्भव नभएका बिरामीलाई सदरमुकाम दैलेख तथा कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर र नेपालगञ्ज लैजानका लागि सहज हुने स्थानीयहरुले बताए।

नगरपालिकाले एम्बुलेन्स सेवा पाएपछि स्थानीयहरु हर्षित भएका छन। चामुण्डाविन्द्रासैनी नगरपालिका वडा ६ का नगेन्द्र विष्टले नगरपालिकाले एम्बुलेन्स सेवा दिदा आफुलाई सिंहदरबारको अधिकार गाउँमै पुगेको आफुलाई अनुभुति बताए।

१० लाख ५० हजारको अनुदानमा एम्बुलेन्स सेवा सुचारु गरेको चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेखका निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलक विक जानकारी दिए।

नगरपालिकाको बजेट बाट सवारी साधन खरिद नगरि निर्वाचित भएको साढे दुई वर्षपछि कामको चापलाई मध्यनजर गर्दै मन्त्रालयले पश्चिम नेपाल ग्रामीण खानेपानी सरसफाई संस्थाको गाडी उपलब्ध गराएको छ।

# यातायातको सुविधाका लागि जनतालाई नगर बस



चामुण्डाविन्द्रासैनी नगरपालिकाले नगर बस संचालन गर्ने गरेको । कर्णाली प्रदेशमै पहिलो पटक जनतालाई यातायात सुविधा पहुँचलाई सहज बनाउने उद्देश्यका साथ नगर बस संचालन गर्ने भएको हो। नगर बस आउने भएपछि स्थानीय हरु खुसी भएका छन। नगर बस संचालनमा आएपछि दैनिक आवत-जावत सहजता हुने स्थानीयहरुको अपेक्षा छ।

चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगरप्रमुख सूर्यबहादुर शाहीले मेरो पालेतडा देखि तीजडाडा र अन्य वडाहरु सम्म नगर वस संचालन गरिएको बताए । पालेतडा तथा पाल्त क्षेत्रका सर्वसाधारण एवम व्यापार व्यावसायीहरुलाई यातायात सेवामा सहजताको लागी अबको केही समयमा नगर वस सेवा संचालन गरिएको उहाँको भनाई छ।

नगरपालिकाका प्रायजसोः सबै वडाहरु सडक संजालसंग जोडिसकेको र गाउँमा तत्काल खोजेको समयमा गाडी नपाउने र सानै कामका लागि पनि गाडी रिर्जब गरेर नै जानपर्ने भएकाले गरिब, असहाय र असक्तका लागि यो काम निकै गाह्रो भएकोले नगर बस संचालन गरेको हौँ ।' उहाँले भन्नुभयो-' हामीले बस खरिद गरेर सस्तो, सुलभ टिकटमा सबै नगरबासीलाई सेवा प्रदान गरेको छौँ ।, नगरबस संचालनमा आएपछि नगरबासीलाई आवतजावत गर्न सहज हुने उहाँको भनाई छ।

लामो तथा छोटो दुरीका जीपहरुले महिला,बालक,वृद्धवृद्धा, अपांगता तथा सर्वसाधारण व्यक्तिले सहज सस्तो रुपमा सेवा नपाउने भएपछि नगरपालिकाले नगर बस संचालन गर्न आर्थिक वर्ष ०७६/०७७ मा ३५ लाख बजेट विनियोजन गरी बस सेवा संचालनमा ल्याईएको चामुण्डाविन्द्रासैनी नगरपालिकानिमित्तप्रमुखप्रशासकीयअधिकृत तिलक विकले बताउनु भयो। उहाँका अनुसार नगर बसको क्षमता करिव २१ सीट छ।

# पर्यटकीय गन्तव्य बनाउन बत्काचौरमा नगर पार्क निर्माणाधीन



चामुण्डाविन्द्रासैनी नगरपालिकाको वडा नं. ६ को वत्काचौरमा नगर पार्क निर्माण कार्य अघि बढेको छ। आन्तिरक र बाहिरिय पर्यटकलाई भित्राउन र नगरपालिकालााई आर्थिक रुपमा मजबुत बनाउन पार्क निर्माण कार्यलाई अघि बढाईको हो ।

आन्तिरक र वाहिरय पर्यटकहरुलाई भित्राउन पार्कको वत्काचौरमा भ्यु टावर, मन्दिर र संग्रहालय निर्माण र कर्णाली प्रदेशकै ठूलो घण्टा राखिने छ । पार्कमा स्थानीय कालिगटले तयार पारि सकेका ९ फिट अग्ला तरबारमा पनि पार्क राखिको छ । पर्यटकहरुलाई पार्कमा जानका लागि जम्बुकाँध बजारबाट सिढीहरु तयार गरिएको छ । पार्कलाई सुरक्षित राख्न नगर प्रहरीले सुरक्षा दिनेछ भने नगर प्रहरीका लागि भवन निर्माण भईसकेको छ। नगर प्रहरीले तालिम प्राप्त गरेपछि पार्कमा निर्माण भएको भवनमा राखिने छ।

नगर पार्क भित्र बन्ने संरचनाहरू नेपाली वास्तुकलामा आधारित हुनेछन् । चामुण्डाविन्द्रासैनी नगरपालिका-६ को बत्काचौरमा करिब १० हेक्टर जमिनलाई घेरबार गरी पार्क बनाईएको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सुर्यबहादुर शाहीले बताए ।

उक्त पार्कलाई विभिन्न संरचनाहरु निर्माण भईरहेका छन। जसमध्य 'भ्यु टावर' 'मनोरञ्जन क्षेत्र' 'संस्थागत क्षेत्र' 'धार्मिक क्षेत्र', बनाईछ। यसैगरी शहिदका शालिक, नौ फिट अग्ला तरबार राखिने छन। नौ फिट अग्ला तरबारहरु निर्माण भईसकेका छन भने, शहिदहरुका शालिक राख्नका पर्खाल निर्माण भईरहेको नगरपालिककाले जनाएको छ।

यस क्षेत्रमा विभिन्न प्रजातिका फूल तथा बोटबिरुवाको बगैंचा, पिकनिक स्थलहरूका साथै मृगस्थली पनि रहनेछन् । यस क्षेत्रमा हालै जनसहयोगबाट निर्मित भगवती मन्दिर वरिपरि क्षेत्रको थप विकासको लागि सामुदायिक कार्यहरू सञ्चालन गरिने छ । पार्कको थालनी कार्य २०७४ बाट सुरु गरिएको छ।

हाल नेपालकै २ सय पर्यटकीय स्थलहर मध्य बत्काचौर नगर पार्क छनौट भएको छ । जसको पुर्वाधार निर्माणका लागि ५ करोड बजेट विनियोजित भई हाल निर्माण कार्य तिव्र रुपमा भएको छ।



# नगर गौरव मार्ग साङ्गेतडा-पाल्त सडक निर्माण तिव्रता

चामुण्डाविन्द्रासैनी जिल्लाकै दुर्गम नगरपालिकाको हो । भौतिक संरचना विना साविकका तीन वटा गाउँ विकास समितिहरु गाभिएर नगरपालिका २०७३ सालमा नगरपालिकाको घोषणा भयो । तर नगरपालिका घोषणा हुदाँ साविकको जम्बुकाँध गाउँ विकास समितिमा मध्य पहाडी लोकमार्ग बाहेक लयाँटी विन्द्रासैनी गाउँ विकास समिति र चामुण्डा गाउँ विकास समितिमा सडकको पहुँच थिएन । नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा विनियोजित गरि ग्रामीण क्षेत्रमा सडक पुऱ्याउने कामलाई प्रथामिकता राखि निर्माण द्रुत अघि बढाएपछि स्थानीय खुसी भएका छन । नगरपालिका-७ को साङ्गेतडा देखि दुर्गमबस्तीका रूपमा रहेको वडा नं. १ को रॉंगाजुधसम्म सडक पुगेपछि स्थानीय हर्षित बनेका हुन् । अहिले जनप्रतिनिधि आएपछि गाउँमा सडक पुगेको छ । स्थानीय एक व्यक्तिले भने, 'आफ्नै जीवनकालमा गाउँमा सडक पुगेपछि निकै खुसी भएको छु ।' चामुण्डाविन्द्रासैनी नगरपालिका १ का एक युवाले भने, ' गाउँमा सडक पुगेपछि निकै खुसी भएको छु ।' गाउँलेले उत्पादन गरेको कृषि उपज सहजै बजारमा पुर्‍याउन सकिन्छ । कुनै दुःख बिमारी भए गाडीमा जान सकिन्छ । विकासको आधार भनेको सडक रहेछ । सडक पुगेपछि म धेरै खुसी भएको छु ।' चामुण्डाविन्द्रासैनी नगरपालिका लागतमा करिब २८ किलोमिटर सडक निर्माण भएपछि वडा नं. १ देखि वडा नं. ९ सम्मका नागरिकलाई सजिलो भएको छ । 'हाम्रा बालबालिकालाई विद्यालय जान पनि सजिलो हुने उनीहरुको भनाई ।

'गाउँमा सडक पुगेपछि हामीलाई अन्य विकास निर्माण अघि बढाउन सजिलो हुने विश्वास गरेका छौं', एक स्थानीयले भने, ' हाम्रो गाउँका अधिकांश नागरिक तरकारी खेतीमा लागेका छन् । अब उनीहरूको बजारमा सहज पहुँच पुग्ने भएको छ । यो सडकलाई चाँडै स्तरोन्नति गर्न नगरपालिकासँग मागसमेत गरेका छौं ।'

गाउँमा सडक पुगेपछि स्थानीयहरु निकै खुसी भएका छन् । व्यावसायिक तरकारी खेती र फलफूलको नर्सरीमा लागेका भट्ट गाउँमै ढुवानी गर्न सकिने भएपछि खुसी भएका हुन् । उनले भने, 'म डेढ दशकदेखि तरकारी खेती र फलफूलका बिरुवा उत्पादन गर्दै आएको छु । ढुवानी गर्न निकै समस्या थियो । अब सडक पुगेपछि मजस्ता किसानलाई सजिलो भएको छ ।'

गत आर्थिक वर्षबाट निर्माणसंगै सडक स्तरोन्नतिका लागि ग्राविल गर्ने कार्य द्रुत गतिमा अघि बढेको नगरपालिकाले जनाएको । नगरवासीको सडकमा पहुँच पुऱ्याउन नगरपालिकाले सडक निर्माणलाई प्राथमिकतामा राखेको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताए । उनले भने, ' फराकिलो मन, फराकिलो बाटो भन्ने मुलु नाराका साथ नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को १९०००००० र आर्थिक वर्ष २०७५/२०७६को १०४००००० लागतमा साङ्गेतडा-राँगाजुधे सडक निर्माण गरेको हो ।

सो हाल साङ्गेतडा-राँगाजुध सडकलाई नगर गौरवको मार्ग अघि बढाईएको उनले बताए । सडकको थप स्तरोन्नति गर्न कार्य द्रुत गतिमा अघि बढेको उनले बताए ।

# वातावरण स्वच्छ राख्न '१००८ वर-पीपल'



चामुण्डाविन्द्रासैनी नगरपालिकालाई धार्मिक पर्यटकीय स्थल बनाउन वर पीपल रोप्ने कार्यलाई तीव्र रुपमा अघि बढाईको छ। नगरपालिकाको वडा नं. ९ को साङ्गेतडा र वडा नं. राँगाजुधे २८ किलो मिटर सडक खण्डमा १००८ वर-पिपलका विरुवा रोप्ने कार्यलाई अघि बढाईको हो । वर-पीपल जैविक र वातामैत्री भएकाले वर-पीपल लगाउने कार्यलाई तिव्रता साथ अघि बढाईएको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताउनु भयो।

वर-पीपलको विरुवा रोप्न नगरपालिकाले चालु आर्थिक वर्षमा बजेट समेत विनियोजित गरेको उहाँले जानकारी दिनुभयो । नेपालमै पहिलो पटक चामुण्डाविन्द्रासैनी नगरपालिकाले जैवि मैत्री र वातारण मैत्री नगरपालिका बनाउन लागेको हो । यसैगरी वर-पीपलको पुजाँ गर्दा शनि दशा भएका व्यक्तिहरुको ग्रह दशा हट्ने धार्मिक विश्वास छ।

# बालबालिकालाई अशिक्षित हुन नदिन टोल-टोलमा बाल विकास

विद्यालय मर्जको अभियान चलि रहेको समयमा चामुण्डाविन्द्रासैनी नगरपालिकाले टोल-टोलमा बाल शिक्षा स्थापना गरेको छ। शिक्षाको गुणस्तरलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ टोल-टोलमा बाल शिक्षा स्थापनाा गरिएको छ। नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा बजेट विनियोजित गरि बाल विकास केन्द्रमा सहयोगी कार्यकर्तालाई नियुक्ति भएको चामुण्डाविन्द्रासैनी नगरपालिकाले जनाएका छ। हाल नगरपालिकाका नौं वडामा जम्मा ... बाल विकास केन्द्र स्थापना गरिएको छ।

बालबालिकालाई विश्वसंग प्रतिस्पर्धा गराउने सक्ने बनाउने उद्देश्यका साथ बाल शिक्षालाई प्रथामिकता दिएको चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताउनु भयो। विकासको प्रमुख मेरुदण्ड भनेको शिक्षा भएकाले शिक्षालाई प्रथामिकतानै प्रथामिकता दिईएको उहाँको भनाई छ । उहाँले भन्नुभयो, 'जबसम्म विकास शिक्षाको विकास हुदैन, 'तबसम्म विकासले गतिलिदैन



।' विकास गर्न सबै सोच सकरात्मक हुनुपर्दछ।' सकरात्मक सोच शिक्षाले नै बनाउने भएकाले विकास प्रति सबैको सकरात्मक सोच हुन्छ, विकास निर्माण तिव्रता साथ अघि बढ्छ।'

# वडामा खेल मैदान निर्माण, टोल टोलमा मैदान बनाउने नीति



नेपालमै पहिलो पटक चामुण्डाविन्द्रासैनी नगरपालिकाले 'एक वडा एक खेल मैदान बनाउने कार्यलाई अगाडि सारेको छ। विपद् आउदाँ नागरिकलाई उद्धार गर्न सहज हुने तथा बालबालिकालाई सामाजिक मैत्री बनाउने उद्देश्यका साथ मैदान वनाउने कार्यलाई द्रुतमा अघि बढाईएको हो। यसैबीच नगरपालिका दुई ओटा प्रदेशकै नमुना खेल मैदान निर्माण गरिएको छ। नगरपालिकाको वडा नं. ४ को पोखेखाल र वडा नं. ८ को विन्द्रासैनीमा प्रदेशकै नमुना खेल मैदान निर्माण कार्यलाई द्रुतमा अघि बढाईएको छ।

हाल चामुण्डाविन्द्रासैनी नगरपालिकाका विभिन्न वडामा वडास्तरीय खेलमैदान निर्माण गर्ने कार्य तिव्र रुपमा अघि बढेको जनाईएको छ। जस अन्तर्गत वडा नं. १ मा निर्माण कार्य सम्पन्न भएको छ छ। वडा नं. ३ मा खेलमैदानका लागि जग्गा खरिद भईसकेको छ भने, वडा नं. ४ मा, वडा नं. ५, ६, ८, र ९ वडा नं. ९ निर्माण कार्य भईसकेको चामुण्डाविन्द्रासैनी नगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलक विकले जानकारी दिनुभयो।

नगरपालिकाकाको सबै वडामा सार्वजनिक जग्गा रहेको र उक्त जग्गालाई सदुपयोग गरी खेलमैदान निर्माण गर्न लागिएको चामुण्डाविन्द्रौनी नगरपालिकाका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताउनु भयो। आगामी पाँच वर्षभित्र टोल-टोलमा मैदान बनाउने नगरपालिकाको नीति रहेको उहाँले बताउनुभयो। चालु आर्थिक वर्षमै सबै वडामा खेल मैदान निर्माण कार्य सम्पन्न गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो।

# मदिरा नियन्त्रण हुँदा समाजमा शान्ति सुरक्षा





दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिकाले घरेलु मदिरा नियन्त्रण गर्ने भएको छ । नगर कार्यपालिकाको.२९ र ३० गते बसेको बैठकले घरेलु मदिरा नियन्त्रण गर्ने निर्णय गरेको हो । नगरमा शान्ति कायम गर्ने उद्देश्यका अवैद्य घरेलु मदिरा नियन्त्रण गर्नका लागिएको नगर प्रमुख सुर्यबहादुर शाहीले जानकारी दिए । 'समाज घट्न अधिकांस घट् नाहरु अवैद्य मदिराकै कारणले हुन्छन । उनले भने, अवैध मधिराको कारोवार पूर्ण रुपमा रोक्न आफुले यो अभियान संचालन गर्न लागेका छौं । घरेलु उत्पादी मधिरा देखि अवैध अन्य मधिराको कारोवार गर्ने माथी सुरुमा चेतवानी दिइने अटेर गरे कानुन वमोजिम कार्वाही गरीने नगर प्रमुख शाहीले बताए । नगरपालिका भित्र पनि अवैध मधिराको कारोवार अत्याधिक भएकाले ७ दिने सूचना गरी गरिसकेका छौं । उनले भने अब अटेर गर्नेलाई छापा मार्ने तयारी भइरहेको पनि उनको भनाई छ । समाजमा अवैध मदिरा सेवन गरी होहल्ला गर्ने, भैफगडा गर्ने, लगायतका विकृतीहरु भइरहेकाले मधिरा नियन्त्रणका लागि अभियान संचालन गर्ने उनले बताए । नगरपालिका र प्रहरीबाट मदिरा नियन्त्रण गर्न नसकिने भएकाले नागरिकको सहयोगको खाँचो पर्ने उनको भनाई छ ।

यता नगर उप प्रमुख ताराकुमारी शाही (खत्री) ले अवैद्य घरेलु मदिराकै कारणले गर्दा महिलाहरु घरेलु हिंसा सिकार हुने गरेको बताईन । न्यायिक समितिमा आएका मुद्धाहरुको अनुसन्धान गर्दा अधिकांस मुद्धाहरु मदिराकै कारणले हुने गरेको उनले जानकारी दिईन ।

# वडा नं. १ मा किवी खेती



चामुण्डा । चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेखमा किवि खेती गरिएको छ। नगरपालिकामा आर्थिक समृद्धि बनाउने उद्देश्यका साथ किवि खेती गरिएको हो । कर्णाली प्रदेशमै पहिलो पटक किवि खेती गरिएको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सूर्यबहादुर शाहीले जानकारी दिनुभयो।

चामुण्डाविन्द्रासैनी वडा नं १ मा किवि प्रशस्त फल्ने भएपछि वडा कार्यालय ५ सय बोट खरिद गरी ल्याएको जानकारी दिए । उनले भने, 'किपिको फल महंगो हुन्छ।

हाल नेपाली बजारमा प्रतिकिलो ८ सय देखि १२ सयसम्म विक्रि हुने गरेको उनले बताए । १ लाख ५० हजार रुपैयामा दोलखाबाट किविका बिरुवाहरु खरिद गरि ल्याईएको वडा अध्यक्ष तामाङले जानकारी दिए। रक्त अल्पता भएका व्यक्ति मुटु रोगहरुका लागि किविको फल आवश्यक गर्ने उनले बताए। अग्रेजीमा किवि भएनिपनि नेपालीमा ठेक्की फल भन्ने गरिएको उनको भनाई छ।

के हो किवि ?

फलको राजा किवीलाई यार्सागुम्बा र ग्यानोडार्मा च्याउ जतिकै औषधीय गुणयुक्त मानिन्छ। किवीलाई शक्ति बर्द्धक र क्यान्सरको औषधि मानिन्छ । किवीबाट रक्सी, ब्राण्डी, वाइन, जेली, वियर, जुस, जाम आदि बनाउन सकिन्छ । किवीसँगै भित्रीबालीका रुपमा अदुवा, बेसार, कुरिलो, केरा, चिराइतो, सतुवा आदिको खेती गर्न सकिन्छ।

समुद्र सतहबाट ८ सय देखि २ हजार मिटर उचाइको पहाडी क्षेत्रमा राम्ररी फलाउन सकिन्छ, किवी । निर्यात योग्य किवी उत्पादनका लागि १ हजार देखि २ हजार मिटर उचाइको जमिन उपयुक्त मानिन्छ । यसले यो खेतीमा नेपालको सम्भावना पनि प्रष्ट पार्दछ। नेपालको मध्य पहाडमा आलिसन र हे-टोमोरी जातका किवी गज्जबले फल्छन् । एक पटक रोपेको सात वर्षपछि फल्न शुरू गर्ने किवीले ६० वर्ष निरन्तर फल दिइरहन्छ। एक रोपनी जमिनमा ५० बोट रोप्न सकिन्छ भने एक बोटमा १०० केजीसम्म फल्छ।

नेपालको पहाडी भेगको १० लाख हेक्टर जमिन किवीका लागि उपयुक्त छ। प्रतिरोपनी वार्षिक सरदर रु.१ लाख आय दिनसक्ने किवीसँगै बेसार, अदुवा, कुरिलोलगायतको मिश्रित खेती गर्न सकिन्छ । किवीमा अहिलेसम्म रोग-कीरा देखापरेको छैन।

सरकारले आवश्यक प्रविधि, सिप, कर्जा र बजारको प्रवन्ध गर्नु हो भने पक्कै त्यो दिन टाढा छैन। चीनकै बजारलाई नपुग्ने स्थिति छ। फल बाहेक किवीको जाम, जुस, जेली, वाइन, मासु 'सफेनिङ्ग' र कस्मेटिक सामग्री बनाउन सकिन्छ, जसको राम्रो मूल्य पाइन्छ।

# जम्बुकाँधका नागरिकलाई लिफ्टबाट खानेपानी



जम्बुकाँधकी चित्रकला उपाध्याय घरकै आँगनमा पानीको धारा खस्ला भन्ने कहिल्यै सोचेकी थिइनन। डाँडाको बस्ती भएकाले वर्षामा कुवामा जम्मा भएको आकाशे पानी उपभोग गर्थिन। हिउँदमा घण्टौं पैदल हिँडेर पानीको जोहो गर्थिन। तर, अचेल उनको घरको आँगनमा पानीको धारा खसेको छ। आँगनमा पानीको धारा खसेसँगै उनको जीवनमा खुसी छाएको हो। धुपीधारा मुहानको पानी डाँडामा निस्केको देख्दा सपनाजस्तो लागेको उनले बताइन।

'पानीले गर्दा कतिबेला यो ठाँउ छाडेर जाने होला भन्ने हुन्थ्यो,' उनले भनिन्, 'हिजोआज विगतका सबै दुःख बिर्सिएका छौं।' उनले भनिन्-

उनी मात्र होइन वर्षौंदेखि कुवा जम्मा भएको पानी उपभोग गर्दै आएका जम्बुकाँका स्थानीयका घरघरमा पानीका धारा बनेपछि उनीहरु निकै हौसिएका छन्। लामो दूरीबाट पानी बोकेर खाने गरेका स्थानीयहरु आँगनमै खानेपानी पुगेपछि हौसिएका हुन। हरेक चुनावमा 'गाउँमा पानी ल्याइदिन्छौं' भन्दै भोट माग्नेहरूबाट उनीहरू आजित भइसकेका थिए। यो पटक जनप्रतिनिधिले प्रतिबद्धता पूरा गरेको भन्दै स्थानीयले खुसी व्यक्त गरे। 'हाम्रो जिउ छँदै घरमा पानीको धारा देख्न पाइन्छ भन्ने आश थिएन तर स्थानीय सरकारको पहलमा पानी आयो' उपाध्यायले भनिन् ,

पानीको जोहो गर्ने दुःखका दिन गएकामा स्थानीय खुसी देखिन्छन। सोलारमार्फत ४५ मिनेट टाढाको धुपि धारा मुहानबाट लिफ्टमार्फत पानी तानेर जम्बुकाँधमा खानेपानी ल्याइएको छ।

चामुण्डाविन्द्रासैनी नगरपालिका र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना मार्फत साढे ३७ लाख रूपैयाँ लागतमा जम्बुकाँध लिफ्ट खानेपानी तथा सरसफाई योजना निर्माण भएको हो। 'घरघरमा धारा जोडिएका छन' स्थानीय खम्ब विष्टले भने, 'आँगनमा पानीका धारा खसेसँगै दुःखका दिन गए भन्ने भएको छ। पँधेराको पानी घरमै आउँदा सबै जना खुसी छौं।'

खोल्साको पानी डाँडामा आउला भन्ने कहिल्यै नसोचेको कुरा पूरा भएको स्थानीय मानकुमारी शाहीले सुनाइन। 'आगन निजकै

चिटिक्क धारा निर्माण गरेका छौं,’ उनले भनिन, ‘डोको बोकेर पानी भर्ने दिन अतीत जस्तै लाग्छ ।’

उपभोक्ता समिति मार्फत जम्बुकाँधका ४८ घरपरिवारलाई घरघरमा धारा निर्माण भएको जम्बुकाँध लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष रणबहादुर खड्काले बताए। ‘जम्बुकाँधमा सोलारमार्फत लिफ्टमार्फत पानी पुर्‍याएका छौं,’ खड्काले भने, ‘यसले स्थानीयलाई विद्युत् महसुल तिर्न पनि परेको छैन।’ चामुण्डाविन्द्रासैनी नगरपालिका-६ जम्बुकाँधका स्थानीयको वर्षौंदेखिको पानीको सपना साकार भएको छ।

जम्बुकाँधमा लिफ्टमार्फत पानी झरेको छ। ‘जम्बुकाँधमा पानी आउला भन्ने आशा नै थिएन,’ एक स्थानीय भने, ‘काकाकुल डाँडा थियो। अहिले घरैपिच्छे पानीका धारा छन। घण्टौं पानी बोक्ने समस्या रहेन।’ पानीको समस्याले धेरै बालबालिकाको पढाइसमेत प्रभावित हुने गरेको उनले सुनाए। ‘छोराछोरीलाई पनि पानी बोक्न लगाउँथ्यौं,’ उनले भने, , ‘अहिले समयमै पढ्न जान पाउने भए।’

चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले नगरवासीको खानेपानीको समस्यालाई समधान गर्न नगरपालिका कठिवद्ध भई लागेको बताए । जम्बुकाँध मात्र नभई नगरवासी खानेपानीको समस्यालाई समधान गर्न मजुवा खानेपानी आयोजना संगै कर्णाली लिफ्टलाई अघि बढाईएको उनले जानकारी दिए । अबको केही समय पछि नगरवासीले खानेपानीको समस्या भोग्नु नपर्ने उनको भनाई छ।

स्थानीयको जनश्रमदानसहित साढे ३७ लाख रुपैयाँ लगानी भएको जम्बुकाँध लिफ्ट खानेपानी सरसफाई उपभोक्ता समिति अध्यक्ष खड्काले जानकारी गराए। मुहानबाट पानी तानेर बत्काचौरमा १८ घनमिटरको पानी ट्यांकी निर्माण भएको छ। मुहानबाट करिब ४००सय मिटरको दूरीमा रहेको ट्यांकीमा पानी ल्याइएको हो। चामुण्डाविन्द्रासैनी नगरपालिका र ग्रामीण जलस्रोत परियोजनाको आर्थिक सहयोगमा आयोजना निर्माण भएको हो। नगरपालिकाको १५ लाख, परियोजनाको १५ लाख र स्थानीय समुदायको श्रमदान ७ लाख १४ हजार लागतमा आयोजना पूरा भएको छ ।

# वन संरक्षण गर्न वन कार्यालय स्थापना २९ प्रतिशत वन लाई ४३ प्रतिशत बृद्धि



चामुण्डाविन्द्रासैनी नगरपालिकामा वन कार्यालय स्थापना भएको छ। गत आर्थिक वर्ष २०७५ साल भदैमा नगरपालिकाको जम्बुकाँधमा रामघाट सब डिभिजन वन कार्यालय स्थापना भएको हो।

वन अतिक्रमण गर्ने र फडानी गर्ने कोही कसैलाईपनि छुट नदिन चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सुर्यबहादुर शाहीले रामघाट सव डिभिजन वन कार्यालयलाई निर्देशन दिए । मकै राख्नका लागि वन फडानी गर्नेलाई वन कार्यालयले छुट दिने उनले बताए। ‘मकै राख्ने भकारी दिन्छौं, वन काट्ने र अतिक्रमण गर्नेलाई छुट हुदैन।’ ‘तपाईहरु मेरो मकै धेरै भयो, राख्नका लागि भकारी छैन भनी निवेदन दिनुहोस , ‘नगरपालिका तपाई भकारी उपलब्ध गराउन तयार छ।’ उनले भने-‘वन फडानी गरी मकैका ठाँग्रा हाल्नेलाई छुट छैन।

नगर प्र्रमुख शाहीले वन फडानी गरी मकैको ठाँग्रा हाल्ने व्यक्तिको फोटो सामाजिक संजाल फेसबुकमा खोजी राख्न सबैलाई उआग्रह गरेका छन। ‘फेसबुकमा अनावश्यक चिज राखेर समयलाई बर्वाद नगुर्नहोस ।’ उनले भने,-‘वन काट्नेको फोटो खिचेर सामाजिक संजालमा राख्नुहोस।’ प्रविधिको युगमा सामाजिक सञ्जालको माध्यमबाट वक्ष सरक्षणको अभियान संचालन गर्नपर्नेमा उनले जोड दिए। वन फडानी गर्ने मात्र होइन, सार्वजनिक पदधार गर्ने व्यक्तिको घर आगनमा बोट विरुवा नरोप्ने पाएमा पनि फोटो खिचेर सामाजि संजालमा राख्ने समेत आग्रह गरे। साथै छाडा मान्छेले घर, समाज, राष्ट्र बन्दैन र छाडा चौपायले वन जंगलको संरक्षण नहुने उनको भनाई छ।

उप-प्रमुख ताराकुमारी शाही (खत्री) ले जल, जंगललाई संरक्षण गर्न सकिएन भने आत्म निर्भरको सपान चक्नाचुर हुने बताईन। ‘नगरपालिकालाई आर्थिक रुपमा समृद्धि बनाउन वनलाई संरक्षण गर्नुपर्छ। नीति र कानून राज्यले मात्र कार्यान्वयन गर्न नसक्ने भन्दै कानून कार्यान्वयमा नागरिकको महत्वपुर्ण भुमिका हुनेमा जोड दिईन। साथै, नाङा डाडाकाडाहरुमा वृक्षारोपण गरी वन संरक्षण गर्नुपर्ने बताईन। अब कसैलेपनि जङ्गल भएको स्थानमा वृक्षारोपण गरी वन संरक्षण गरेको हुँ भनि जनताको आँखामा क्षारो हाल्न निमल्ने उनले बताईन।

# जनतासँग नगर-प्रमुख



चामुण्डा (दैलेख) बैशाख २१ ।

चामुण्डाविन्द्रासैनी नगरपालिका-७ का रत्न विक शाररिक रुपमा अपाङ्ग छन् । रत्न शाररिक रुपमा अपाङ्ग भएको दुई वर्ष वित्यो । दुई वर्षको अवद्यीमा आफ्नो समस्या बुझ्न कोही आएनन् । विगतका जनप्रतिनिधि कहिले पनि आफ्नो समस्याको बारेमा बुझ्न नआएको रत्नले दुखेसो पोखे । पहिलो पटक आफुलाई भेटन नगर-प्रमुख आएको बताइए । जनप्रतिनिधि आफ्नै घरमा आएर आफ्नो समस्याका बारेमा बुझ्दा आफु निकै हर्षित छु, उनले भने । जीवनकै पहिलो पटक चुनाव जितेपछि जनप्रतिनिधि आफ्नो घर आगनमा आएको उनको भनाई छ । जनप्रतिनीधिहरु तल्लो तहमा आएर समस्याका बारेमा बुझ्दा सिंहदरबारको अधिकार घर दैलोमा आएको आफुलाई महशुस भएको छ ।

अहिले रत्नका ६ ओटा छोरा-छोरी छन । रत्न आर्थिक अवस्था कमजोर हुदाँ सबै छोरा छोरीहरु पढाईबाट वञ्चित भएका छन । एउटा छोरा बाहेक अन्य छोराहरु हाल जीवन निर्वाह गर्नका लागि भारतको गल्ली गल्लीमा मजदुरी गर्न बाध्य छन । कान्छो छोरा पनि आर्थिक अवस्था कमजोर हुदाँ स्कुलबाट वञ्चित भएको उनले बताए । हाल श्रीमतीलै नै घर व्यवहार चलाएकी छिन, उनले भने ।

'मेरो नजरमा दुःखी र गरिब : नगर प्रमुख शाही '

चामुण्डाविन्द्रासैनी नगरपालिकाका प्रमुख सुर्यबहादुर शाही यतिखेर कार्यालयमा न्युन रुपमा भेटिन्छन् । अधिकांस समय जनताकै घर दैलो भेटिने गरेका छन । जनताको समस्या बुझ्न आजभोली विदाको समय पारेर नगर प्रमुख शाही घर दैलो अभियानमा जुटेका हुन् । जनताको घर दैलोको क्रममा नगर-प्रमुख शाहीले शाररिक रुपमा अपाङ्ग भएका रत्न विकलाई भेटे । नगर प्रमुख शाहीले रत्नको समस्याको बारेमा बुझे । रत्नको कुरा सुनेपछि नगर-प्रमुख शाही एक पटक स्तब्ध भए । रत्नका छोरालाई विद्यालयमा भर्ना गरी आफुले अविभावकत्व ग्रहण गर्ने प्रतिवद्धता जनाए । साथै वडा नं. ७ का वडा अध्यक्षलाई कर्णाली जनचेतना आधाभुत विद्यालयमा पालतडामा भर्नाका लागि तयारी गर्न निर्देशन दिए ।

नगरपालिकाबाट उपलब्ध गराएका सेवा जनताले पाए नपाएको वुझ्ने उद्देश्यका साथ आफु जनताको घर दैलो अभियानमा जुट्को उनले बताए । आफु निर्वाचित भईसकेपछि दुःखी र गरिबलाई पहिलो प्रथामिकता राखेर काम गरेको उनले बताए ।

मेरो नजरमा दलित र पिछाडिएको वर्ग रहेकाले सदैव दु :खी र गरिबको हितमा काम गर्ने उनको भनाई छ । नगर-प्रमुख शाहीले नगरपालिकाको दुर्गम वडा नं. ७ बाट नै घर दैलो अभियान सुरु गरेका छन् । नगरपालिका भित्रका ९ वटै वडाका जनताहरुसंग भेटघाट गर्ने कार्यक्रम रहेको बताईएको छ ।



# नगर प्रमुखको शाहीको विकास सम्बन्धी भनाई



साझा सहमतिबाट विकास गर्न सकिने दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताउनु भएको छ । बुधबार नगरपालिकाको वडा नं. ५ जनता माध्यमिक विद्यालय वस्तेकोटमा  विपन्न बालबालिकालाई छात्रवृत्ति तथा पुर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई मना स्मृति प्रतिस्थानको तेश्रो स्मृति सभा सहयोग गर्ने कार्यक्रममा सम्बोधन गर्दै यस्तो बताउनु भएको हो ।

'सरकारको एक्लो प्रयासबाट विकास सम्भव छैन, 'विकास गर्न साझा सहमतिको आवश्यकता पर्छ ।' 'विकास गर्न जनताको साझा सहितको खाँचो पर्छ ।' उहाँले भन्नुभयो,-

वडा नं. ५ को समग्र विकास लागि नगरपालिकाकाले करिब ५१ लाख बजेट विनियोजित गरिएको उहाँले बताउनु भयो । ' बजेट हामीले विनियोजित गऱ्यो, 'विकास तपाईहरु गर्नुहोस । उहाँले भन्नुभयो-

जबसम्म नागरिकले विकास लागि फराकिलो मन बनाउन सक्दैन तबसम्म विकास निर्माण द्रुत गतिमा अगाडी बढाउन नसक्ने उहाँले बताउनु भयो । साथै विकास गर्नका लागि नागरिकले फराकिलो मन बनाउनु पर्नेमा उहाँले जोड दिनुभयो । नगरपालिकाले अन्य क्षेत्रमा भन्दा शिक्षा क्षेत्रको विकास लागि सबैभन्दा धेरै बजेट विनियोजित गरिएको जानकारी दिनुभयो ।

मना स्मृति प्रतिस्थानका अध्यक्षको प्रशंसा गर्दै  'स्मृति प्रतिस्थानकाको सट्टा सार्वजनिक जग्गामा आमा बाबुको सम्झनामा बर पिपल रोप्नुहोस ।' उहाँले भन्नुभयो ।

बालबालिकाको सुन्दर भविष्य बनाउन गुणस्तरीय शिक्षाको आवश्यकता पर्ने चामुण्डाविन्द्रासैनी नगरपालिकाका उप-प्रमुख ताराकुमारी शाही (खत्री)ले बताउनु भयो । वर्तमान समय शिक्षामा गुणस्तर नहुदाँ बालबालिकाको भविष्य माथि खेलबाड भई रहेको उहाँले बताउनु भयो । शिक्षालाई गुणस्तर बनाई विश्वसंग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न सबैले आ-आफ्नो स्थानबाट लाग्नु पर्नेमा जोड दिनुभयो ।

वडा नं. ५ का अध्यक्ष नारायणप्रसाद रेग्मीले जनता माध्यमिक विद्यालय बस्तकोटलाई पहिलो प्रथामिकता राखिएको बताउनु भयो । वडाकै एकमात्र माध्यमिक विद्यालय भएकाले थप गुणस्तर सुधार र भौतिक संरचना निर्माण आफ्नो ध्यान गएको उहाँले बताउनु भयो । आफु निर्वाचित भए यता भौतिक पुर्वाधार क्षेत्रमा भन्दा जनता माध्यमिक विद्यालय सबै भन्दा बढी सहायोग गरेको उहाँको भनाई

छ।

तेश्रो स्मृति प्रतिस्थानमा वडा स्थित आर्थिक रुपमा विपन्न १२ जना बालबालिकाहरुलाई १ हजार २ सयका दरले छात्रवृत्ति वितरण गरिएको प्रतिस्थानका अध्यक्ष हिमप्रसाद शर्माले जानकारी दिनुभयो । यसैगरी पुर्ण रुपमा अपाङ्गता भएका ७ व्यक्तिहरुलाई न्यानोको लागि सिरक वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

प्रतिस्थानका अध्यक्ष शर्माको अध्यक्षता भएको कार्यक्रममा देउती कृषि तथा बहुउद्देश्यी सहकारी संस्थाका हस्तप्रसाद शर्मा, जयदेव माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रणबहादुर खड्का, जनता माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बसन्तबहादुर विक लगायत वडा स्थित बुद्धिजीवी एवम् समाजसेवीहरुको उपस्थिति थियो ।

# नागरिकहरुलाई निःशुल्क आँखा



चामुण्डाविन्दासैनीमा निशुल्क आँखा शिविर सञ्चालन भएको छ । गत चैत्र १९ गते जम्बुकाँधमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको आर्थिक सहयोग र सुर्खेत आँखा अस्पताल आर्थिक तथा प्राविधिक सहयोग र सामुदायिक आँखा उपचार केन्द्रको आयोजना सो शिविर भएको थियो । तीन दिन सम्म संचालन गरिने आँखा शिविरमा करिब तीन सय जनाको निःशुल्क आँखा अपरेशन गर्न सकिने लक्ष्य राखिएको छ । शिविर संचालन भएसंगै चामुण्डाविन्द्रासैनी दूर-दराजका विभिन्न गाँउ-गाँउबाट आँखा जाँच गराउन आउनेहरुको समेत बाक्लो भिड लागेको छ । शिविरमा सामान्य आँखा परिक्षण देखी मोतिविन्दुको अपरेशन सम्मको सुबिधा गरिएको आयोजक निकायले बताएको छ । शिविरको उद्घाटन कार्यक्रममा चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले आर्थिक अभावकै कारण कुनै पनि नागरीक स्वास्थ्य उपचारबाट बञ्चित नहोस भन्ने उद्देश्यले शिविर संचालन गरिएको बताए । साथै शिविर संचालन अवद्यीभर आउने समस्यालाई समधान गर्न नगरपालिकाले कुनैपनि कसूर नराख्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा उप-प्रमुख ताराकुमारी शाही (खत्री) ले आँखा शिविर पूर्ण रूपमा निस्शुल्क रहेको जानकारि दिदै बेलौरी नगरपालिकाको पूर्ण सहयोग रहेको बताईन । आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुका लागि शिविर संचालन गरिएको उनले बताईन ।

आयोजकले वडा नं. ८ को विन्द्रासैनी र वडा नं. २ को चाल्ने चौतारमा छनौट शिविर संचालन गरेको थियो । मंगलबारबाट संचालन भएको शिविर चैत्र २१ (विहिबार)सम्म संचालन हुने आयोजकले जनाएको छ ।

# शान्ति सुरक्षा कायम गर्न नगरपालिकाकै लगानीमा प्रहरी चौकीको भवन निर्माण




चामुण्डाविन्द्रासैनी नगरपालिकाको लगानीमा जम्बुकाँधमा प्रहरी चौकीको नयाँ भवनको निर्माण भएको छ । दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिकाको सदरमुकाम जम्बुकाँधमा प्रहरी चौकीको भवनको चालु आर्थिक वर्ष २०७६/०७७ बजेट विनियोजित भई भवन निर्माण भएको हो । भाडामा रहेको प्रहरी चौकी हाल आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको छ । भवनको शिलान्यास नगरपालिकाका नगर-प्रमुख सूर्यबहादुर शाहीले गरेको थिए । जम्बुकाँधमा प्रहरीले लामो समयदेखि भाडाको भवनबाट दैनिक कार्य संञ्चालन गर्दै आएको छ । ३ रोपनी क्षेत्रफलमा भवन निर्माण भएको भवन भूकम्प प्रतिरोधात्मकसहित आधुनिक हो ।

आर्थिक वर्ष २०७५/०७६ मा नगरपालिकाले १० लाख बजेट विनियोजित गरि भवन निर्माण सुरु गरेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा भवन निर्माण काम सम्पन्न गर्न नगरपालिकाले २० लाख बजेट विनियोजित गरी भवन निर्माण कार्य सम्पन्न भएको चामुण्डाविन्द्रासैनी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामबहादुर रावतले बताउनु भयो ।

नगरपालिकाको शान्ति सुरक्षा थप प्रभकारी बनाउका लागि भवन निर्माण गरिएको नगर-प्रमुख शाहीले बताउनु भयो । 'जबसम्म प्रहरी सुरक्षित र सम्मानित हुदैन, 'प्रहरीले नागरिकको शान्ति सुरक्षामा प्रभावकारी भुमिका निर्वाह गर्न सक्दैन ।' 'प्रहरी आफ्नै कार्यालय हुनुपर्छ भन्ने सोचका साथ प्रहरी चौकीको भवनको निर्माण गरेको हौं ।' उहाँले भन्नुभयो,-

नागरिकको शान्ति सुरक्षालाई थप प्रभावकारी बनाउन प्रहरी सुरक्षित र सम्मानित हुनुपर्नेमा जोड दिनुभयो । 'जबसम्म प्रहरी सम्मानित र सुरक्षित हुदैन, 'तबसम्म नागरिकको शान्ति सुरक्षा प्रभावकारी हुन सक्दैन ।' उहाँले भन्नुभयो,-

विगतका प्रहरी चौकी नहुदाँ नागरिकहरु असुरक्षित थिए । प्रहरी चौकी स्थापना भएपछि आफुहरु सुरक्षीत महसुस गरिएको एक स्थानीय नागरिकले बताए ।

# चामुण्डाको चौथो नगर



चामुण्डाविन्द्रासैनी नगरपालिकाको चौथो नगर सभा उद्घाटन भएको छ। विहिबार जम्बुकाँधमा एक समारोहका बीच नगर-प्रमुख सूर्यबहादुर शाहीको अध्यक्षतामा सभाको उद्घाटन भएको हो।

सभामा चामुण्डाविन्द्रासैनी नगरपालिका विद्येयक समितिका संयोजक वीरबहादुर शाहीले नयाँ ऐन र नगरपालिकाले अघिल्लो सभामा बनाएका ऐनहरु संशोधनका लागि पेश गरेका थिए। उहाँले चामुण्डाविन्द्रासैनी नसगरपालिको सँशोधित विनियोजन ऐन र चामुण्डाविन्द्रासैनी नगरपालिको सँशोधित आर्थिक ऐन पेश गर्नु पेश गर्नुभएको थियो।

पेश भएका विद्येयक छलफल र अध्ययन गर्न यही चैत्र १७ गतेसम्मका लागि सभा स्थिगित भएको नगर-प्रमुख शाहीले जानकारी दिनुभयो।



# 'नमुना विद्यालय बनाउन सुझाव'



चामुण्डाविन्द्रासैनी नगरपालिकाले प्रत्येक वडामा एउटा नमुना विद्यालय नितिलाई तय  गरेको छ ।नगरपालिकाले आफ्नै शिक्षा ऐन बनाई नमुना विद्यालय बनाउने नितिलाई अघि सारेको हो । जस अर्न्तगत चामुण्डाविन्द्रासैनी नगरपालिकाको वडा नं. ३ को चामुण्डा माध्यमिक विद्यालयमाबाट अभियान सुरु गरेको छ। त्यहाँ नगरपालिकाको लगानी र संघिय सरकार र प्रदेश सरकाको आर्थिक सहयोगमा नमुना विद्यालय  घोषणा गरिएको छ।

परिच्छेद ९ को दफा ३४ मा  विद्यालयमा आफ्ना बालबालिकालाई गुणस्तरीय अध्यापन गराउन शिक्षकहरुलाई दबाब दिन पाउनु, गुणस्तरीय शिक्षाको लागि सम्बन्धित निकायमा आवाज उठाउनु व्यवस्था गरिएको छ। साथै  नगरपालिकाले लिएका शैक्षिक नीतिहरुलाई कार्यान्वयन गर्न गराउन सहयोग गर्नुपर्ने व्यवस्था छ। उता शिक्षकहरु 'दबाव शब्दलाई हटाएर सुझाव सल्लाह  भन्ने शब्द राख्नुपर्ने सुझाव दिएका छन।

विद्येकमा रोजगार सिर्जना गर्नका लागि नगरपालिकाले सैद्धातिक शिक्षा भन्दा प्राविधिक शिक्षालाई प्रथामिकतादिनु पर्ने बताईएको छ। सामुदायिक विद्यालयबाट उर्त्तिण महिला, दलित, अपाङ्ग अल्पसंख्यक, गरिव जेहेन्दारलाई माध्यमिक तह तथा उच्चस्तरीय प्राविधिक शिक्षा अध्ययनको लागि निश्चित मापदण्ड बनाई छात्रवृत्ति दिने व्यवस्था ऐनमा उल्लेख गरिदिनु पर्ने बताईएको छ । साथै नगरको कला, साँस्कृतिक, इतिहाँस र कृषि, वन, वातावरण र जल तथा स्वरोजगार सजृनाको क्रियाकलापहरुको अनुसन्धान गर्न छात्र छात्राहरुका लागि छात्रवृत्तिका लागि मादडण्ड तयार गरिदिनुपर्ने बताईएको छ।

नगर शिक्षा ऐनको परिच्छेद २ को (६) मा वडा शिक्षा समितिकोको व्यवस्था गरिदिनुपर्नेमा सहभागिहरुले जोड दिएका छन  । नगर शिक्षा समितिलाई समावेसी बनाउनु पर्ने उनीहरुको सुझाव छ।

साथै  कार्यक्रमका सहभागिहरुले प्रदेश ऐन र संघिय ऐनसंग नबाझिने गरी मस्यौदा बनाउनमा सझाव दिएका छन  ।

चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले शैक्षिक गुणस्तरलाई सुधार गर्नका लागि ऐन पास गर्न लागिएको जानकारी दिए। उनले शिक्षा ऐनलाई पास गरी आगामी वर्ष शैक्षिक क्रियाकलापमा सुधार ल्याउने प्रतिवद्धता जनाए । कार्यक्रमका सहभागिहरुले दिएका सुझावहरुलाई ऐनमा समावेश गर्ने उनले प्रतिवद्धता जनाए।

कार्यक्रममा नेपाली कांग्रेस जिल्ला कार्य समिति दैलेखका सदस्य गणेशकुमार शाहीले जिल्ला समन्वय समितिका अधिकार पनि विद्येयकमा उल्लेख गुर्नपर्ने सुझाव दिए । शिक्षा निमावली बनाउदा निजि तथा पि.सि.एफ शिक्षकको बारेमा प्रष्ट उल्लेख गर्न उनको सुझाव छ।

सामाजिक विकास शाखाका संयोजक दिनेशबहादुर विकको अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख ताराकुमारी शाही -खत्री) र निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलक विक लगायतको उपस्थिति रहेको थियो।

# ज्येष्ठ नागरिकसँग नगर प्रमुखको अन्तरक्रिया



जेष्ठ नागरिक तथा सरोकारवाला बीच एक दिने अन्तरक्रिया सम्पन्न भएको छ । सोमबार जम्बुकाँधमा चामुण्डाविन्द्रासैनी नगरपालिका महिला तथा बालबालिका सामाजिका विकास शाखाको आयोजनामा अन्तरक्रिया सम्पन्न भएको हो ।

अन्तरक्रियामा चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सूर्यबहादुर शाहीले जेष्ठ नागरिकालाई सम्मानका लागि बनाउन आगामी दिनमा जेष्ठ नागरिक सम्मानित सुरक्षित मनोरञ्जन केन्द्र स्थापना गर्ने बताए ।-'जेष्ठ नागरिकहरुको छुट्टै संसार छ , रमणिय वातारण चाहान्छ ।' 'बृद्ध आश्रम बनाएर जेष्ठ नागरिकहरु सम्मानित हुदैनन् । जेष्ठ नागरिकलाई सम्मान र सुरक्षित बनाउन सम्मानित सुरक्षित मनोरञ्जन केन्द्र स्थापना गर्दै छौं ' उनले भने-

अन्तरक्रियामा सहभागिहरुले जेष्ठ नागरिकलाई स्थानीय तहबाटै परिचय पत्र वितरण गर्नु जोडदिए ।

कार्यक्रममा उप-प्रमुख ताराकुमारी शाही (खत्री) ले लक्षित समुदायलाई पहिलो प्रथामिकता राखि नीति तथा कार्यक्रम बनाउने बताईन । साथै जेष्ठ नागरिकका आश्यकतालाई ध्यानमा राखि सामाग्रीहरु वितरण गर्नुपर्नेमा जोड दिईन ।

कार्यक्रममा चामुण्डाविन्द्रासैनी नगरपालिका निमित्त प्रमुख प्रशासकिय अधिकृत तिलक विकले परिवार र परिवारका सदस्यले जेष्ठ नागरिक इच्छा चाहाना र (साइकोलोजी) ध्यानराखी व्यवहार गरेमा जेष्ठ नागरिक सम्मानित हुने बताए ।

सामाजिक विकास शाखा संयोजक तथा कार्यपालिका सदस्य दिनेश विकले कार्यविधि पास गरि नगरपालिकाबाटै जेष्ठ नागरिक परिचय पत्र वितरण गरिने बताए ।

नगर प्रमुख शाहीको अध्यक्षता भएको कार्यक्रममा वडा नं. २ का वडा अध्यक्ष जंगबहादुर विष्ट, वडा नं. ३ का वडा अध्यक्ष निरकबहादुर शाही, वडा नं. ५ का वडा अध्यक्ष नारायणप्रसाद रेग्मी , वडा नं. ९ का वडा अध्यक्ष नन्दप्रसाद न्यौपाने, कार्यपालिका सदस्य र नगर सभा सदस्य लगायतको जेष्ठ नागरिकहरुको उपस्थिति रहेको थियो ।



# जनता मावि भवन निर्माण

नागरिकको सहभागित विना विकास निर्माणलाई द्रुत गतिमा अगाडी बढाउन नसकिने कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री दलबहादुर रावत बताउनु भएको छ। आईतबार चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ५ मा रहेको जनता माध्यमिक विद्यालयको निर्माण भएको भवनको उद्घाटन र नयाँ भवनको शिलान्यास गर्दै यस्तो बताउनु भएको हो । नागरिक नै विकास गर्नुपर्छ भन्नेबारेमा चेतना हुदैन, 'तबसम्म विकास निर्माणले द्रुत गति लिन सक्दैन ।' उहाले भन्नुभयो विकास निर्माण र समृद्धिका लागि नागरिकनै अग्रसर हुनुपर्नेमा उहाँले बताउनु भयो। सरकारले बजेट दिएर बाटो देखाउने हो। काम गर्ने नागरिककै जिम्मेवारी हो।'

मुलुकमा राजनीति लडाई सकेर पुराना व्यवस्थाको अन्त्य गरेका छौं ।' अबको लडाई आर्थिक समृद्धिको हो ।' मुलुकलाई आर्थिक समृद्ध बनाउन सबै आ-आफ्नो ठाँउबाट लाग्नुपर्छ।' हिजो व्यवस्था परिवर्तन गर्दा जसरी हामी सबै एकजुट भएर लागेका थियो, 'आर्थिक रुपमा बलियो बनाउन सबै एकजुट हुनुपर्छ। उहाँले भन्नुभयो । उहाँले सुखी नेपाली समृद्ध नेपाल बनाउनका लागि कर्णाली प्रदेश सरकारले विकासको गोरेटो बाटो कोरि रहेको बताउनु भयो।' आगामी वर्षमा विकास निर्माणलाई कर्णाली प्रदेश सरकारले द्रीव रुपमा अघि बढाउने जानकारी दिनु भयो।

स्थानीय सरकारले शिक्षा र स्वास्थ्यमा जोडदिन उहाँले बताउनु भएको छ । 'संविधानले आधारभुत शिक्षा र माध्यमिक शिक्षा स्थानीय तहलाई अधिकार दिएको छ।' 'स्थानीय सरकारले शिक्षा र स्वास्थ्यलाई पहिलो प्रथामिकता दिनुपर्छ।' उहाँले भन्नुभयो-

जनतालाई अति आवश्यक पर्ने भएकाले स्थानीय तहले नजिक भएकाले गुणस्तरीय शिक्षा र स्वास्थ्य तर्फ ध्यानदिनुपर्ने बताउनु भयो । ठूलो योजनालाई प्रदेश सरकारले सहयोग गर्ने प्रतिवद्धता जनाए । यसैगरी संघियतालाई कार्यान्वय गर्नका लागि स्थानीय तहलाई बलियो बनाउनु पर्नेमा जोडदिनुभयो । 'जबसम्म स्थानीय तहलाई बलियो बनाउन सकिदैनन, तबसम्म संघियतालाई कार्यान्वय गर्न सकिदैन।' संघियतालाई टिकाउन स्थानीय तह आर्थिक रुपमालाई बलियो बनाउनु पर्छ।' उहाँले भन्नुभयो-

कार्यक्रममा प्रदेश सभाका सदस्य हिमबहादुर शाहीले राजनीति युगको अन्त्य भएको बताउनु भएको छ । 'अबको युग भनेको राजनीकिको युग होइन, 'अबको युग भनेको विकासको युग हो।' उहाँले भन्नुभयो-

कार्यक्रममा चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले गुणस्तरीय शिक्षाका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम र अभिभावक शिक्षामाला निर्माण गरिरहेको जानकारी दिए। रोजगारी सिर्जना सैद्धान्तिक शिक्षा भन्दा व्यवसायिक शिक्षामा जोडदिएको जानकारी दिनुभयो।

नगरपालिकाले शिक्षा र स्वास्थ्यालाई पहिलो प्रथामिकता राखेको उप-प्रमुख ताराकुमारी शाहीले बताउनु भयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बसन्तबहादुर विकको अध्यक्षता भएको कार्यक्रममा पुर्व जिल्ला विकास समितिका उप सभापति एवम् नेपाल कम्युनिष्ट पार्टीका कर्णाली प्रदेश सदस्य सूर्यबहादुर शाही, वडा अध्यक्ष नारायण प्रसाद रेग्मी लगायतले आ-आफ्नो भनाई राखेका थिए।

उद्घाटन गरेको भवनको आय ब्यय भने विद्यालय प्रशासनले सार्वजनिक गरेको छैन । नयाँ शिलान्यास गरिएको भवनको कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट २० लाख विनियोजित भएको थियो । सो रकमबाट दुई कोटे भवन बनाउने विद्यालयले जनाएको छ।



# ‘समय विउझियो, विकास हुन्छ’

विकास निर्माणलाई द्रिव गति अघि बढाउने चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सुर्यबहादुर शाहीले बताएका छन । राममाड कृषि साना किसान कृषि सहकारी संस्थाका दैलेखको प्रथम साधारण सभाको उद्घाटन गर्दै यस्तो बताएका हुन ।

‘हिजो समय निन्द्रामा थियो’ अहिले आएर समय विउझिएको छ ।’ ‘अब विकास हुन्छ ।’ उनले भने-‘जनताले सहि ठाउँमा मतदान गरी समयलाई विउझाएका हुन ।’ ‘समय आफै विउझिएको होइन ।’ उनले भने,-‘समय हिजो पनि थयो ।’ जनताका माझ निर्वाचनको समयमा गरिएका प्रतिवद्धताहरु पुरा गर्ने प्रतिवद्धता जयार गर्दै विकास निर्माणमा सबैले आ-आफनो स्थानबाट सहयोग गर्न आग्रह समेत गरे । राज्य एक्ले मात्र विकास निर्माणलाई द्रुत गति दिन सक्दैन ।’ ‘विकासका लागि सबैको साझा प्रयास हुनुपर्छ ।’ उनले भने ।

बालबालिकाको भविष्य सुन्दर बनाउनका लागि चामुण्डा माध्यमिक विद्यालयमा तीन वर्षे कृषि बाली विज्ञान संचालनमा ल्याएको उनले बताए । नगर-प्रमुख शाहीको चुनावी घोषणा पत्रमा चामुण्डालाई शैक्षिक बनाउने प्रतिवद्धता अनुरुप नै चामुण्डा माध्यमिक विद्यालयमा कृषि बाली विज्ञान संचालन गरिएको हो । ‘तपाईका बालबालिकाहरु घरमै बसेर आई.एस. सी.ए.जी अध्ययन गर्दै कमाउन सक्छ ।’ उनले भने-

चालु आर्थिक वर्षमा नगरपालिकाले कृषि वाली विज्ञान संचालनका लागि ३५ लाख बजेट विनियोजित गरिएको उनले बताए ।

साथै कृषिलाई क्षेत्रको विकास लागि रामगाड साना किसान सहकारीले महत्वपुर्ण भुमिका निर्वाह गर्न उनले सुझाव दिए । नगरपालिकाले पनि कृषि सहकारी मार्फत कृषि सम्बन्धी गतिविधिलाई अघि बढाईने बताए ।

साथै चामुण्डाविन्द्रासैनी नगरपालिकाका कार्यपालिका सदस्य दिनेश विकले रामगाड सहकारीले कृषि क्षेत्रमा राम्रो गरेको प्रसंशा गर्दै आगामी जनताको बीचमा लोकप्रिय काम गर्न सुझाव दिए ।

सहकारीले आव २०७४/०७५ मा कुल ५० हजार १०६ रुपैयाको कारोबारो गरिएको रामगाड साना किसान कृषि सहकारीका संस्थाका प्रवन्धक निरकबहादुर शाहीले जानकारी दिए । सहकारीले आगामी ५ वर्षे रणनीति बनाएको उनले बताए । त्यही नीति भित्र कृषि क्षेत्रमा काम गर्ने प्रतिवद्धता समेत जनाईएको छ ।

राममाड साना किसान कृषि सहकारी संस्थाका उपाध्यक्ष लक्ष्मी विकको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वडा स्थित राजनीतिक दल, बुद्धिजिवी, समाजसेवी लगायतको उपस्थिति थियो ।

## आ.व ०७६/७७ नगरपालिकाको नीति कार्यक्रमः

# 'ज्येष्ठ नागरिक, गर्भवति महिला, बालबालिका र अपाङ्गलाई घरदैलो स्वास्थ्य जाँच परामर्श सेवा'

**-५ सय युवालाई रोजगार** **-उच्च शिक्षा र प्राविधिक शिक्षा अध्ययन गर्नेलाई छात्रवृत्ति**




चामुण्डाविन्द्रासैनी नगरपालिका आर्थिक वर्ष ०७६/०७७ का लागि नीति तथा कार्यक्रम पेश गरेको छ। मंगलबार जम्बुकाँधमा भएको नगरसभा नगरपालिकाका उप-प्रमुख ताराकुमारी शाही खत्रीले सो नीति तथा कार्यक्रम पेश गर्नु भएको हो।

आगामी आर्थिक वर्षमा जेष्ठ नागरिक, गर्भवति महिला, बालबालिका र शाररिक रुपमा अपाङ्ग भएका व्यक्तिलाई घरदैलोमै पुगेर स्वास्थ्य सेवा दिने उप-प्रमुख शाहीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। यसैगरी प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता को लागि उमेर पुगेका वृद्ध वृद्धाहरुको पहिचान गर्ने कार्य र त्यस्ता उमेर पुगेका वृद्धवृद्धाहरुलाई घरदैलोमा नै सामाजिक सुरक्षा भत्ता परिचय पत्र वितरण गरिने बताईएको छ।

आर्थिक रुपमा विपन्न युवाहरुलाई उच्च शिक्षा तथा प्राविधिक शिक्षाबाट वञ्चित हुन नदिनका लागि नगर-प्रमुख छात्रवृत्ति कोष स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

आगामी आर्थिक वर्षमा ५०० जनाको कामदार दस्ता तयार गरी क्षमता विकास र प्रभावकारी श्रमको व्यवस्था गर्ने तथा जनजाती, दलित र महिलालाई काममा प्रतिस्प्रधा बनाउन एक/एक वटा नमुना कामको व्यवस्था नीति अवलम्वन गरि निरन्तरता दिईने बताईएको छ।

नागरिकको जीवन स्तरलाई सुधार निर्माधिन सडकलाई आयमुलक बनाउने लक्ष्य अनुरुप सडकको दायाँ बायाँ आयमुलक विरुवा वृक्षारोपण गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

आगामी आर्थिक वर्षका लागि नगरपालिकाले ४२ करोड ४१ लाख ८५ हजार बजेट विनियोजित गरेको छ।

कार्यक्रममा प्रदेश सभा सदस्य हिमबहादुर शाहीले नगरपालिकाको समृद्धिका लागि प्रदेश कुनैपनि कुसुर नराख्ने बताए। उनले स्रोत साधनलाई मध्यनजर गरी जनताको आवश्यकतालाई

प्राथमिकता राखि बजेट विनियोजित गर्न सुझाव दिए । दलिय स्वार्थबाट माथि नउठेसम्म विकासले तिव्रता नलिने उनको भनााई छ। विकासलाई द्रुत गतिमा अघि बढाउन सबै दलिय स्वार्थ भन्दा माथि उठ्न उनले आग्रह गरे।

कार्यक्रममा जिल्ला विकास समिति दैलेख पुर्व उप-सभापति एवम् नेपाल कम्युनिष्ट पार्टी कर्णाली प्रदेशका सदस्य सुर्यबहादुर शाहीले कृषिलाई निर्वाहमुखि मात्र नभई व्यवसायी मुखी बनाउन तर्फ नगरपालिकाले जोडदिन सुझाव दिए । नगरपालिकाले ल्याएरको नीति तथा कार्यक्रमको प्रंसशा गर्दै कार्यान्वयनमा सबैले सहयोग गर्नुपर्ने उनले बताए। बाटा हेर्न पर्यटक चामुण्डाविन्द्रासैनी नआउने भएकाले पर्यटन तर्फ ल्याएका कार्यक्रमहरु राम्रो अनुसषण योग्य रहेको बताए। उनले भने-'यहाँ पर्यटक रक्सी खाएर पाखुरा देखाउनेहरु पाखुरा हेर्न आउदै।' नगर पार्क विभिन्न संरचना बनाएर पर्यटक ल्याउन सकिन्छ।'

साथै अरुलाई दोष थुपारेर आफु पानी माथिको ओभानो हुने प्रचलन बढ्दै गएको यस्तो प्रचलनलाई त्यागेर समृद्धिका लागि सहकार्य गर्नुपर्नेमा जोड दिए।

चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले सुझावलाई आगामी नगर सभाको बैठकमा छलफल गरिने बताए। जनताको जीवन प्रत्यक्ष सुधार गर्ने उद्देश्यका नीति तथा कार्यक्रम ल्याएको जानकारी दिए। कुल जमिनको भुभाग मध्य ३० प्रतिशत भूभाग मात्र उपयोग भई बाँकी ७० प्रतिशत भुभाग उपयोगमा नरहेको विषयलाई मध्यनजर गर्दै यस चामुण्डा विन्द्रासैनी नगरपालिकामा पनि उपयोगमा नरहेको जमिन वा भुभागलाई उत्पादन सँग जोडिने गरी आयमुलक कार्यक्रमलाई जोड दिइएको उनले बताए।

नगर प्रमुख शाहीको अध्यक्षमा भएको सभाको अर्को बैठक यही असार २२ गते बस्ने गरी सम्पन्न भएको छ।





# शिक्षा, खानेपानी, विद्युत र पर्यटनलाई प्रथामिकता

चामुण्डाविन्द्रासैनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा बजेट सर्वसम्मत पास भएको छ । बुधाबार नगरसभाको २ दोश्रो बैठकमा चामुण्डाविन्द्रासैनी नगरपालिकाका उप-प्रमुख ताराकुमारी शाही (खत्री) ले प्रस्तुत गरेको नीत तथा बजेट पास भएको हो ।

आगामी आर्थिक वर्षम नगरपालिकाले शिक्षा, विद्युत, सहरी विकास र खानेपानीलाई बजेटमा प्रथामिकता दिईएको छ । यसैगरी आगामी आर्थिक वर्षभित्र नगरपालिकामा खाद्यन्न संस्थान शाखा स्थापनाका लागि १५ लाख बजेट विनियोजित गरेको छ । बजेटमा आगामी आर्थिक वर्ष सहरी विकास तर्फ २ करोड ५६ लाख ५० हजार बजेट विनियोजित भएको चामुण्डाविन्द्रासैनी नगरपालिकाका उप-प्रमुख ताराकुमारी शाही (खत्री)ले प्रस्तुत गरेको बजेट भाषणमा उल्लेख गरिएको छ । यसैगरी सामाजिक विकास तर्फ २ करोड ९ लाख ५०, विद्युत तर्फ १ करोड छुट्याइएको उप-प्रमुख ताराकुमारी शाही (खत्री) ले जानकारी दिनुभयो । यसैगरी खानेपानी तर्फ कर्णाली लिफ्टिङ र मजुवा खानेपानीका लागि ६० लाख, पर्यटन तर्फ ५५ लाख, कृषि तथा पशु तर्फ ३० लाख बजेट छुट्याईएको छ। आगामी आर्थिक वर्षमा एक जनप्रतिनिधि एक संरक्षित जंगलका पनि बजेट विनियोजित गरिएको छ । लैगिंक समता तथा सामाजिक समावेशीकरण तर्फ ३० लाख बजेट विनियोजित गरएको छ।

यसैगरी सडकलाई हरियाली जैविक मैत्री बनाउने उद्देश्यका साथ साङ्गेतडा पाल्त सडक १००८ वरपिपल रोप्न बजेट विनियोजित गरिएको छ । जसका लागि २ लाख बजेट विनियाजित गरिएको उप-प्रमुख शाहीले बताउनु भयो ।

गुणस्तरीय शिक्षा बनाउनका लागि शिक्षालाई प्रथामिकता राखिएको चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताउनु भयो । यसैगरी आर्थिक अवस्था कमजोर भएका उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययनबाट वञ्चित भएका बालबालिकालाई नगर प्रमुख अक्षयकोष स्थापना गरिएको उहाँले बताउनु भयो । चामुण्डाविन्द्रासैनीलाई पर्यटकीय हवको रुपमा विकास गर्न नगरलाई निरन्तरता दिन बजेट विनियोजित गरिएको छ । असिना पिडितलाई राहत दिनका लागि खाद्यन्न संस्थान स्थापनाका लागि बजेट विनियोजित गरेको उहाँले जानकारी दिनुभयो । खाद्यन्न संस्थानको शाखा स्थापना भएपछि नगरवासीले सहुलितमा खाद्यन्न सामाग्री खरिद गर्न पाउने उहाँले बताउनु भयो ।

आगामी तीन वर्ष भित्र सबै वडामा विद्युतिकरण गरी चामुण्डाविन्द्रासैनी नगरपालिकालाई उज्यालो नगरपालिकाको रुपमा विकास गर्न बजेटलाई प्रथामिकता दिईएको उहाँले बताउनु भयो । यसैबीच चामुण्डाविन्द्रासैनी नगरपालिका विनियोजित ऐन पास भएको छ ।

# जलचर विद्येयक पास



चामुण्डाविन्द्रासैनी नगरपालिकाले जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्थागर्न बनेको विद्येयक पारित गरेको छ । बिहिबार जम्बुकाँधमा तेम्रो नगरसभामा यही असार १० गते प्रस्तुत गरिएका नीति तथा कार्यक्रम माथि छलफलका लागि आयोजना गरिएको बैठकमा यो विद्येयक पारित गरिएको हो। विद्येयक समितिका संयोजक वीरबहादुर शाहीले सभामा पेश गरेको विद्येयक सर्वसम्मत पारित गरिएको थियो ।

सभामा नगर प्रमुख सुर्यबहादुर शाहीले जलचर विद्येयक तत्काल लागु गरिने बताईएको छ। नदि, ताल तलौया र सिमासार क्षेत्रमा माछालाई लोप हुदै गाएकाले माछाहरुलाई संरक्षण गर्ने उद्देश्यका साथ ऐन बनाईएको उनले बताए । जथाभावी रुपमा माछा मार्ने जलचर ऐन २०७५ बमोजिम कडा कारवाही गरिने उनले बताए ।

यसैगरी जलचर विद्येयकको दफा ३२ उल्लेख गरेकाका बुदाँ विपरित जलचर समातेको पाईएमा सजाय व्यवस्था गरिएको छ । दफामा ३२ को -क) कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोट पदार्थ वा विषालु पदार्थको प्रयोग गर्ने, माछा र जलचर समात्ने अभिप्रायले जालको आँखाको साइज पाँचसेन्टिमिटर (पचास मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) ठूलो प्वाल को जाल, माहाजाल, र करेण्ट जाल जस्ताजाल प्रयोग गर्ने, कर्णाली नदि बाहेक अन्य नदि, खोला वा गाडमा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो आँखाको साइज र तिन सेन्टिमिटर (तिस मिलिमिटर) वा सो भन्दा ठुलो आँखाको साइज भएको जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्ने, कसैले पनि कर्णाली नदिमा जलचर समात्न वा मार्नका लागि जालको आँखाको साइज पाँच सेन्टिमिटर (पचास मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) को जाल, माहाजाल, करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्ने, अधिकार प्राप्त व्यक्ति

बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदि वा तालमा रहेको मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुनेमा वा भत्काएमा, (च) तोकिएका जातिका जलचरहरुलाई नगरपालिकाको इजाजतपत्र बेगर कुनै पनि व्यक्तिले जानी जानी समात्न, मार्न तथा चोट पुऱ्याएमा, नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको सामुदायिक नदी वा तालमा कार्यपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने जारी गरेको सूचनाको उलंघन गरेमा, (ज) दफा ७ बमोजिम बाँध सञ्चालन गर्ने निकायले बाँधको तलबाट माछा र अन्य जलचरको क्याच र रिलिज गर्दा चैत्र, बैशाख, जेष्ठ, आषाढ र श्रावण महिनामा कम्तिमा दैनिक १ पटक माछा र अन्य जलचरको क्याच र रिलिजको व्यवस्था नगरेमा, (झ)दफा ७ बमोजिम बाँध सञ्चालन गर्ने निकायले नदि वा तालको न्यूनतम प्रवाहको २५ प्रतिशत न्यूनतम वातावरणिय वहाव कायम नगरेमा, कसैलेपनि नदि तथा सिमसार क्षेत्रमा जथाभावी जलचर समातेका पाईमा खण्डमा जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्थ ागर्न बनेको विद्येयक २०७५ को सजाय : (१) दफा ३२ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पहिलो पटकपन्ध हजार, दोस्रो पटक कसूर गरेमा बीस हजार, र तेस्रो वा सोभन्दा बढीपटक कसूर गरेको खण्डमा प्रत्येक पटकको लागि तीस हजार रुपैयाँ जरिवान गरिने विद्येयकमा उल्लेख छ। दफा ३२ को खण्ड (ख),(ग), (घ) र (च) बमोजिमको कसूर गर्नेलाई पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैया जरिवाना गरिने विद्येयकमा उल्लेख छ।

यसैगरी दफा ३१ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था छ। दफा ३१ को खण्ड (छ) र (ज) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भएतीस हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गर्नेलाई तीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँ जरिवाना गर्ने विद्येयकामा उल्लेख छ।

यसैगरी (५) दफा ३१ को खण्ड(झ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक १ लाख, दोश्रो पटक ३ लाख, तेश्रो पटक ९ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल बताईएको छ।

यसैगरी बैठकमा चामुण्डाविन्द्रासैनी नगरपालिकाले यही असार १० गते तेस्रो नगर सभामा नगर उप-प्रमुख ताराकुमारी शाही (खत्री)ले प्रस्तुत गरेका नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित भएको छ। यही असार २० गते पुन बैठक बस्ने गरी विहिबार बैठक स्थगित गरिएको नगर प्रमुख सुर्यबहादुर शाहीले जानकारी दिए।






# शिक्षा र स्वास्थ्य विद्येयक पास

दैलेख निर्वाचन नं. २ का प्रतिनिधि सभा सदस्य राजबहादुर बुढाले मोटर गुड्ने बाटो बनाउन सुझाव दिनु भएको छ। विहिबार चामुण्डाविन्द्रासैनी नगरपालिकाको चौथो नगर सभालाई सम्बोधन गर्दै यस्तो बताउनु भएको हो। विगत र वर्तमान समयमा भोट माग्ने अथात् राजनीति गुड्ने सडकहरु धमाधम निर्माण भएकाले प्रत्येक वडामा १२ महिना यातायातका साधन संचालन हुने फराकिलो स्तरीय सडकहरु बनाउन आग्रह गर्नुभएको छ। 'राजनितिक गुड्ने बाटो स्तरीय र १२ मास संचालन हुदैन।'

'राजनीति गुड्ने बाटोलाई प्रथामिकता नदिनुहोस।' मोटर गुड्ने बाटोलाई प्रथामिकता दिनुहोस।' 'एउटा मोटर बाटो बनाएर एक/दुई जनाले मोटर चढ्ला, सबैले चढ्दैनन्, 'अब बाटो होइन, 'सयौ नागरिक चुलोमा आगो बाल्न खाले कार्यक्रम ल्याउनु पर्छ।' डोजरले बाटो खनेर नागरिकको चुलोमा आगो बल्दैन।' 'नागरिकको चुलोमा आगो बाल्न निम्ती डोजरबाट बाटो खन्ने होइन, मान्छेबाट बाटो खन्नुपर्छ।' स्रोत साधनलाई जनताकै पक्षमा प्रयोग गरौ, 'डोजर लगायत यहाँका स्रोत साधनलाई विदेशमा नपठाऔं।'

साथै फराकिलो र स्तरीय सडकहरु बनाएनौं भने भोलीका दिनहरु सन्ततिहरुले दुःख पाउने बताउनु भयो। भोलीका दिनहरु सन्ततिहरुलाई दुःख नदिन अहिलेबाट फराकिला सडकहरु निर्माण गरिनुपर्नेमा जोडदिनु भयो।

सभामा विद्येयक समितिका संयोजक वीरबहादुर शाहीले विभिन्न विद्येयकको निणार्थ पेश गर्नु भएको थियो। उहाँले नगर शिक्षा विद्येयक, नगर स्वास्थ्य विद्येक, संशोधन विनियोजित विद्येयक, संशोधन आर्थिक विद्येयक पेश गर्नु भएको थियो। पेश गरेका विद्येयक मध्य संशोधित विनियोजित, संशोधित आर्थिक विद्येयक सर्वसम्मत पारित भएका छ। शिक्षा विद्येयक र स्वास्थ्य विद्येयक बहुमत नगरसभा सदस्यबाट पारित भएको हो। शिक्षा र स्वास्थ्य विद्यैयकको पक्षमा ४१ सदस्य थिए भने ९ जना सदस्यले विद्येयकको विपक्षमा थिए।

यसैगरी नगर-सभा सदस्य रंगबहादुर तामाङ्ले असिना पडितलाई छिटो छरितो राहतको पहल गरियोस भन्ने प्रस्ताव सर्वसम्मत पारित भएको छ।

सभाबाट पास भएका विद्येयक छिटो कार्यान्वन गर्न सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने चामुण्डाविन्द्रासैनी नगरपालिका प्रमुख सुर्यबहादुर शाहीले आग्रह गर्नु भयो। साथै भित्रिदै गरेको नव वर्ष २०७६ सालको सम्पुर्ण नगरवासीलाई शुभकामना व्यक्त गर्नु भएको छ।

यही चैत्र ७ गते उद्घाटन भएको नगरसभा तीनवटा बैठक सहित विहिबार सम्पन्न भएको हो।

# रोजगार सिर्जना गर्न सिलाई कटाई तालिम

चामुण्डाविन्द्रासैनी नगरपालिकाको वडा नं. ८ मा सिलाई कटाई तालिम सुरु भएको छ। गणेश माध्यमिक विद्यालय रोल राकमको आयोजना र प्राविधिक तथा व्यवसायी तालिम परिषद् (सी.टि.भि.टी) को आर्थिक सहयोगमा विहिबार देखि तालिम संचालन भएको हो। २४ जना सहभागी रहेको तालिमको उद्घाटन गर्दै चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष वीरबहादुर शाहीले सीपलाई व्यवहारमा लागु गर्न सुझाव दिए। सिलाई कटाई तालिम ३ महिनासम्म संचालन हुने एभरेष्ट क्लव दैलेखका फिल्ड अधिकृत टेकराज न्यौपाने जानकारी दिए। कार्यक्रममा वडा नं. ८ का वडा सदस्य लगायतको उपस्थित रहेको थियो।

# स्थानीय पाठ्यक्रम र अभिभावक शिक्षामाला निर्माण




चामुण्डाविन्द्रासैनी नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरेको छ । शिक्षालाई व्यवसायी र गुणस्तरीय बनाउन उद्देश्यका साथ नगरपालिकाले पाठ्यक्रम तयार गरेको हो। स्थानीय कला, साँस्कृतिक, सीपलाई समावेस गरी पाठ्यक्रम तयार गरिएको चामुण्डाविन्द्रासैनी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत मणीराम खरालले बताउनु भयो। नयाँ शैक्षिक सत्र २०७९ बाटै स्थानीय पाठ्यक्रम र अभिभावक शिक्षामाला लागु गरिदिने नगरपालिकाले जनाएको छ।

चामुण्डाविन्द्रासैनी नगरपालिकाले विश्वसंग प्रतिस्पर्धा गर्न सक्ने स्थानीय पाठ्यक्रम बनाउनु पर्नेमा विश्व प्रजातान्त्रिक युवासंघका उपाध्यक्ष योगेन्द्र शाहीले जोड दिएका छन। जम्बुकाँधमा चामुणडविन्द्रासैनी नगरपालिका सामाजिक विकास शाखा शिक्षा ईकाइले आयोजना गरेको एक दिने स्थानीय पाठ्यक्रम तथा अभिभावक शिक्षामाला निर्माण विषयक कार्यशाला गोष्ठीमा यस्तो जोड दिएका हुन । नगरापालिकाले उत्पादन गरेको जनशक्तिलाई स्थानीय स्तरमै भन्दा विश्वव्यापी रुपमा प्रतिस्पर्धा गर्न सक्ने पाठ्यक्रम बनाउनु पर्ने आजको आवश्यकता हो । 'बालबालिकाको भविष्य सुन्दर बनाउनका लागि स्थानीय पाठ्यक्रमको जरुरी छ ।' 'स्थानीय बुद्धिजिविहरुको संलग्नतामा पाठ्यक्रम र अभिभावक शिक्षामाल तयार गरिएको हो।

यसैगरी चामुण्डाविन्द्रासैनी नगरपालिका नगर प्रमुख सुर्यबहादुर शाहीले संसारलाई परिवर्तन गर्नका लागि चरित्रवान मानिसको आवश्यकता पर्छ। नगरपालिकाले चरित्रवान र श्रमलाई सम्मान गर्ने जनशक्ति उत्पादन गर्नका लागि स्थानीय पाठ्यक्रम र अभिभावक शिक्षामाला निर्माण गर्न लागिएको जानकारी दिए। 'पढेलेखेका छन, आचारण राम्रो हुदैन, महिला तथा जेष्ठ नागरिक प्रति उत्तरदायी छैनन् 'आफ्नो घर प्रति उत्तरदायी छैनन्,'राष्ट्रप्रति उत्तरदायी छैनन, आफ्नो कर्तव्य थाहा हुदैन, म को हुँ, मेरो कर्तव्य के हो, मेरो घर परिवार प्रति जवाफदेहिता र कर्तव्य केहो भन्ने विषयमा अनविज्ञ छन ।' चरित्रवान मानिस विना छाडा मानिसले यो समाज, राष्ट्र र विश्वलाई बल्दन सक्दैन ।'उनले भने,- असल चरित्र र श्रमप्रति सम्मान सहितको श्रम

गर्न सक्ने नागरिक बनाउने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम तथा अभिभावक शिक्षामालाको नगर-प्रमुख शाहीले जानकारी दिए। लोप हुन लागेका रितिरिवाज र कला, साँस्कृति स्थानीय पाठ्यक्रममा समेटिने उनले बताए।

दैलेखमै पहिलो पटक चामुण्डाविन्द्रासैनी नगरपालिकाले स्थानीय पाठ्यक्रम बनाउन हो भने नेपालकै स्थानीय अभिभावक शिक्षामाला पहिलो पटक बनाउन लागिएको उनले दावी गरे। अभिभावक नै पहिलो गुरु भएकाले बालबालिकाको भविष्य सुन्दर कसरी बनाउनेमा अभिभावक शिक्षामालाले महत्वपुर्ण भुमिका निर्वाह गर्ने उनको भनाई छ।

कार्यक्रममा उप-प्रमुख ताराकुमारी शाही (खत्री)ले सुनको सिरानी हालेर नुनको खोजीमा भौतारि रहेको बताईन। आफुसंग प्राप्त स्रोत साधन भएतापनि परनिर्भरताकै भरमा बाँच्न बाध्य भएको उनले बताईन। स्थानीय स्तरकै स्रोत साधनलाई खपत गरी समृद्ध नगरपालिका बनाउन सक्ने पाठ्यक्रम बनाईने उनको भनाई छ। बालबालिकाको सुन्दर भविष्य निर्धारण गर्नका लागि पाठ्यक्रम निर्माण गर्न थालिएको उनले बताईन। आफुहरुले बालबालिकाहरुको भविष्य निर्धारण गर्न पाउदा आफु निकै खुसी भएको बताईन।

चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ४ का समाजसेवी रविन्द्रबहादुर शाहीले पाठ्यक्रम निर्माणका लागि सबैको महत्वपुर्ण सुझाव सल्लाहको आवश्यक पर्ने बताए। सामाजिक विकृति, आत्म हत्या, महिला हिंसा र विपद् व्यवस्थापन जस्ता विषयहरुमा राखेर पाठ्यक्रममा बनाउनु पर्नेमा जोड दिए। कार्यक्रमका सहभागीहरुले कला साँस्कृतिक, कृषि आधारित भएर स्थानीय पाठ्यक्रम बनाउनु पर्नेमा जोड दिए। समृद्ध नगरपालिका बनाउनका कृषिमुखी र सीप र व्यवसायी मुखी पाठ्यक्रम हुनेपर्ने उनीहरको भनाई छ। साथै आवश्यकता पहिचानलाई पहिलो प्रथामकिता राखी स्थानीय स्रोत साधनको प्रयोग री स्थानीय वातारणमा रमाउन सक्ने खालेको पाठ्यक्रम बनाउन उनीहरुले सुझाव दिए।

# चामुण्डामा बन्यो १५ शैयाको अस्पताल




चामुण्डाविन्द्रासैनी नगरपालिकाका ५ का दानबहादुर विक क्षयरोगको उपचार गर्न दैलेख सदरमुकाम अथात् कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा जान्छन। अहिले पनि स्वास्थ्य उपचार गरिरहेका छन। साथै चामुण्डाविन्द्रासैनी नगरपालिकाले लटायी विन्द्रासैनी स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पताल बनाउने निर्णय संगै संघिय सरकारले अस्पताल स्विकृत गरी संरचना निर्माणको कार्य अघि बढि सकेको छ। अस्पताल स्विकृत भएपछि दानबहादुर निकै खुसी भएका छन।

नगर कार्यपालिकाको १५ औं बैठकले नगरपालिकाको मुकाममै २५ शैयाको अस्पताल बनाउने निर्णय गरेको थियो। चामुण्डाविन्द्रासैनी नगरपालिका प्रमुख सुर्यबहादुर शाहीले नगरपालिकाका जनताहरुलाई स्वास्थ्य सेवाबाट बञ्चित हुन नदिनका लागि अस्पताल बनाउने निर्णय गरिएको जानकारी दिए। 'कतिपय वडामा पुरानै भवन भएकाले स्तर उन्नती र गरिएको छ। अन्य वडाहरमा नयाँ भवनहरु बनाईने छ।'

प्रमुख शाहीले भने, धेरै वडामा नयाँ भवन सहित जनशक्ति र उपकरण थपिएको छ।

यसैगरी नगरलाई धार्मिक सांस्कृतिक पर्यटकीय क्षेत्र बनाउने निर्णय गरिएको छ। जसका लागि विन्द्रासैनी माईको मन्दिरमा विशाल दमाह निर्माण गर्न, वडा नं. ८ मा अमर ढोलीको नाम शालिक निर्माण गर्ने, गडाखामा दुई ठुला तरबार राखिने, चामुण्डा माईको मन्दीरमा विशाल सिंहको मृति निर्माण गर्ने, नगरपालिकाको मुकानमा निर्माणधिन नगर पार्कमा भ्यु टावर निर्माण, नेपालकै सबै भन्दा ठुलो घण्टा राखिने निर्णय गरिएको छ। वडा नं. १ मा बौद्ध गुम्बालाई व्यवस्थित बनाई बौद्धको विशाल मुर्ति राखिने लगायतका निर्णय भएको नगरपालिका प्रवत्ता रंगबहादुर तामाङले जानकारी दिए। नगरवासीलाई थप शान्ति सुरक्षा दिनका लागि वडा नं. ६ को लैनचौरमा र वडा नं. २ मा अस्थायी प्रहरी चौकी स्थापनाका लागि पहल गरिने निर्णय भएको छ।

यसैगरी नगरस्तीयर खेलकुद मैदान, सीटीहल निर्माण, नगरपालिकाको भवन, वडा कार्यालय भवन निर्माणका लागि प्रदेश सरकारलाई आग्रह गर्ने निर्णय गरिएको प्रवक्ता तामाङले जानकारी दिए। नगर प्रमुख शाहीको अध्यक्षताम बसेको बैठकले विषयगत समितिहरुलाई पुर्णता दिएको छ। बैठकले विद्येयक समिति, आर्थिक समिति, पुर्वाधार समिति, वातारण तथा विपद् व्यवस्थापन समिति, सामाजिक समिति, सार्वजनिक सेवा क्षमता विकास समितिलाई पुर्णता दिएको हो।

# शहिदका शालिक निर्माण



१० वर्षे जनयुद्धका क्रममा मृतकहरुमा सम्झनामा शहिदहरु शालिक निर्माण गरिएको छ। संघिय लोकत्रान्तिक गणतन्त्र नेपाल स्थापन गर्न२०५१ साल देखि २०६२/०६३ साल सम्म चलेको जनयुद्धका क्रममा हालको चामुण्डाविन्द्रासैनी नगरपालिका अथात् साविकको चामुण्डा, जम्बुकाँध र लयाँटी विन्द्रासैनी गाँउ विकास समितिका ज्यान गुमाउने व्यक्तिहरुको सम्झनामा शालिक निर्माण गरिएको हो।

शालिकहरु नगर पार्कमा राखिने छ। शालिक राख्नका लागि स्थान तयार गरिएको र शालिक नगर पार्कमा राख्ने तयारी भएको छ। ढुवानी गरी ल्याउन मात्र बाँकी रहेको छ। तत्काल शालिकको पार्क राखिने चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सूर्यबहादुर शाही बताउनु भयो।

चामुण्डाविन्द्रासैनी नगरपालिकामा जनयुद्धको क्रममा ११ जनाको मृत्यु भएको थियो। संघीय लोकतन्त्र गणतन्त्र नेपाल प्राप्तीका लागि ज्यान गुमाउनेको सम्झनामा शालिक तयार गरिएको हो।

# संस्कृति जोगाउन अमरसिंह शालिक

संस्कृति जोगाउनका लागि अमरसिंह ढोलीको शालिक निर्माण गरिएको छ। नगरपालिकाले दलितहरुको सम्मान संस्कृति जोगाउनका लागि अमरसिंह ढोलीको शालिक निर्माण गरिएको हो। अमर सिंह ढोली चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ९ साविकको लयाटीविन्द्रासैनी गाउँ विकास समितिका नागरिक हुन। उनी हुड्क्उली मार्फत विभिन्न राजा लगायत विभिन्न जातजातिहरुको वंशावली देखि लिएर विभिन्न गाथाहरु गाउँने गर्थे। अमरसिंहका गाएका गाथाहरु विश्वका विभिन्न मुलुकका विश्व विद्यालयमा अहिले अध्ययन भईरहेको छ। हाल मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमा उहाँको इतिहाँस तथा गाथाहरुको विषयमा अध्ययन भईरहेको छ।

संस्कृति जोगाउन र दलितहरुको सम्मानका लागि शालिक निर्माण गरिएको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सूर्यबहादुर शाहीले बताउनु भयो।

# 'पुण्य पाउन ढुङ्गाको पूजा गर्नुपर्दैन'

चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ६ का बृद्ध चन्द्र कामीलाई घरमा सहयोग गर्ने कोही छैनन । नत श्रीमती छ, नत छोरा-छोरी । केही वर्ष अघि उनकी श्रीमतिको मृत्यु भएपछि चन्द्र घरमा एक्लै बस्छन । छोरा-छोरी नहुदाँ गाउँका कसलैपनि नयाँ कपडा दिन्थेनन् । दिएपनि पुराना कपडा दिन्छन, नयाँ कपडा दिदैनन् ।' कसलेपनि अहिलेसम्म नयाँ कपडाको नाममा एउटा टोपी र मक्लर (गल्बन्धी) समेत दिन्थेनन् । जनप्रतिनिधि निर्वाचित भएपछि आफुलाई पहिलो पटक नै टोपी र मक्लर दिदाँ आफु निकै खुसी भएको उनी बताउँछन् । 'चिसो पनि बढेको थियो, टोपी र गल्बन्धी खरिद गर्ने पैसा थिएन् ।, 'जन प्रतिनिधिहरुले आफुलाई टोपी र गल्बन्धी दिएर सम्मान गर्दा निकै खुसी छु ।' 'जीवनमै पहिलो पटक सम्मान भएको खुसियालीमा सिंह दरबारको अधिकारमा गाउँ पुगेको अनुभुति भयो ।'

विहानको ९ बजेको थियो ? १ जना युवा/बृद्ध चामुण्डाविन्द्रासैनी नगरपालिका सदरमुकामन तर्फ तर्फ जादै थिए । घरबाट आउने क्रममा बाटोमा एउटा बृद्ध मान्छे साथमा रहेका युवासंग कुरा गर्दै 'श्रीमती नहोस, छोरा-छोरी पनि नहोस, खल्तीमा पैसापनि नहोस जिन्दगी क्या आनन्द हुन्थ्यो ? त्यो कुरा नसकिदैन ती बृद्धले थपे नगरपालिकाले ' मलाई एउटा चिठ्ठी लेखिदिएको भए हामी जस्ता बृद्धहरुलाई काठमाडौँ खाने बस्ने ठाउँ छ म उत्ते जान्छु ।

मंगलबार चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ६ मा महिला विकास शाखा र वडा नं. ६ ले बृद्धा बृद्धहरुको सम्मान कार्यक्रम थियो । त्यो कार्यक्रम नगर प्रमुख शाही प्रमुख अतिथि थिए । नगर प्रमुख शाही अर्को कार्यक्रममा जानु पर्ने थियो । बृद्ध वीरजीत शाहीलाई टिका, दोसला ओढाएर र टोपी लगाएर सम्मान गरी कार्यक्रमको उद्घाटन गर्दै उनले भने, 'पुण्य कमाउन कुनै मन्दिर जानु पर्दैन, 'जेष्ठ नागरिकलाई सम्मान र माया गरे पुग्छ ।' जेष्ठ

> 'जन प्रतिनिधिहरुले आफूलाई टोपी र गल्बन्धी दिएर सम्मान गर्दा निकै खुसी छु ।'

नागरिकको सम्मान र सुरक्षाका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा बृद्धा सम्मानित गृह निर्माण गर्ने प्रतिवद्धता समेत जनाए ।

कार्यक्रममा वडा नं. ६ का वडा अध्यक्ष बखतबहादुर बोहोराले जेष्ठ नागरिकको आवश्यतालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बनाईने जानकारी दिए ।

चामुण्डाविन्द्रासैनी नगरपालिका महिला विकास शाखा र वडा नं. ६ ले आयोजना गरेको जेष्ठ नागरिक सम्मान कार्यक्रममा वडा नं. ६ का १ सय २१ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । सम्मानित हुदाँ जेष्ठ नागरिकहरु निकै खुसी भएको महिला विकास शाखा प्रमुख माया सिंहले जानकारी दिईन ।

# 'सीप सिकेर उद्यमी बन्नुहोस'

दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर-प्रमुख सूर्यबहादुर शाहीले सीपलाई आय-आर्जनसंग जोडनुपर्नेमा जोडदिनु भएको छ । आईतबार जम्बुकाँधमा सेभ द चिल्ड्रन अर्न्तगत बुलगारी परियोजनाको आर्थिक सहयोग र एभरेष्ट क्लवको आयोजनामा चार दिने जीवन उपयोगी तथा वित्तिय सीप विकास तालिमको उद्घाटन गर्दै यस्तो जोडदिनु भएको हो । ' 'अब युवाहरुले रोजगारी खोज्ने होइन,'रोजगारीको सिर्जना गर्नुपर्छ ।' 'सीप सक्नुहोस आफु उद्यमी बन्नुहोस, ' गाउँमा रहेका बेरोजगार युवालाई तपाईको उद्योगबाट रोजगार सिर्जना गर्नुहोस ।' उहाँले भन्नुभयो-

'हामी रोजगारी खोज्दै खाडीमुलक जानुहुन्छ, तर गाउँमा केही गर्न नचाहने हाम्रो संस्कार रहेको ,त्यसैले गाउँमै रोजगारी बढाउने अवसरको खोजी गरौं, आफ्नै गाउँमा रोजगारीको खोजी गरी आत्मनिर्भर बन्ने उद्यमीलाई आर्थिक तथा प्राविधिक सहयोग गर्न नगरपालिका तयार छ, नगर प्रमुख शाहीले भन्नुभयो ।

आयआर्जन र आर्थिक सम्पन्नताका लागि कुनै पनि सीपलाई जातसँग जोड्नु हुदैन ।' प्रत्येक व्यक्ति विभिन्न पेशा व्यवसायमा आबद्ध हुनैपर्नेमा जोड दिँदै प्रमुख शाहीले तालिमलाई दक्षतामा रुपान्तरण गर्न समेत आग्रह गर्नुभयो ।

कार्यक्रममा चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष बखतबहादुर बोहोरा र कार्यपालिकाका सदस्य दिनेश विकले आ-आफ्नो भनाई राखेका थिए ।

बुधबारसम्म संचालन हुने तालिममा वडा नं. ५, ६, ७, ८, र वडा नं. ९ का १८ देखि २२ वर्ष उमेर समुहका युवाहरुको उपस्थिति रहेको एभरेष्ट क्लवका फिल्ड अधिकृत टेकराज न्यौपाने जानकारी दिए ।

# खानेपानीको समस्यालाई समधान गर्ने प्रतिवद्धता



नगरपालिका भित्रको खानेपानीको समस्यालाई समधान गर्ने चामुण्डाविन्द्रासैनी नगरपालिकाका जनप्रतिनिधिहरुले प्रतिवद्धता जनाएका छन। मंगलबार जम्बुकाँधमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको आयोजना र तेस्रो आँखा दैनिकको सहजिकरण भएको सार्वजनिक सुनुवाई कार्यक्रममा नगर-प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नौं वडा अध्यक्षहरुले संयुक्त हस्ताक्षर गर्दै यस्तो प्रतिवद्धता जनाएका हुन।

कार्यक्रममा चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर-प्रमुख सूर्यबहादुर शाहीले जम्बुकाँध, विन्द्रासैनी र डौसुरमा खानेपानीको समस्यालाई अबको केही समयमा समधान गर्ने बताउनु भयो। आर्थिक वर्ष २०७६/०७७ मा कर्णाली प्रदेश र नगरपालिकाले गरि १ करोड १० लाख रकम मजुवा बृहत खानेपानीका लागि छुटाईएको उहाँले जानकारी दिनुभयो। साथै खानेपानीको समस्यालाई समधान गर्न कर्णाली लिफ्टिङलाई अघि सारिएको उहाँको बताउनु भयो।

पक्की भवन निर्माण गर्दा रिजर टंकी अनिवार्य बनाउनु व्यवस्था गरिएको उहाँले बताउनु भयो। रिजर टंकी नबनाएको खण्डमा नाक्सा पास नहुने बताईको छ।

यसैबीच चालु आर्थिक २०७६/०७७ मा भदौं बाटै योजना सुरु गरिने प्रतिवद्धता जनाइएको छ।

कार्यक्रममा चामुण्डाविन्द्रासैनी नगरपालिकाका उप-प्रमुख ताराकुमारी शाही (खत्री) ले योजनाहरु भदौंबाट सुरु गर्ने उहाँले बताउनु भयो। साथै चामुण्डाविन्द्रासैनी नगरपालिकालाई समृद्ध नगरपालिका बनाउन सबैले आ-आफ्नो स्थानबाट जवाफदेहिता र उत्तरदायी बन्नुपर्ने बताउनु भयो। जनप्रतिनिधिको प्रयासबाट मात्र समृद्धि हासिल गर्न नसकिने उहाँको तर्क छ।

चामुण्डाविन्द्रासैनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तिलक विकले आर्थिक वर्ष २०७६/०७७ मा कार्ययोजना बनाई योजना बनाई भुक्तानीलाई समयमै सक्ने उहाँले बताउनु भयो। राजनितिक दलहरुले तोकिएकै समयमा उपभोक्ता समिति गठन गर्न सहजिकरण गरेमा सम्पुर्ण योजनाको भुक्तानी जेठमै सक्ने उहाँको भनाई छ।

नगर प्रमुख शाहीको अध्यक्षता भएको कार्यक्रममा वडा नं. १ का वडा अध्यक्ष रंगबहादुर तामाङ्ग, वडा नं. २ का वडा अध्यक्ष जंगबहादुर विष्ट, वडा नं. ३ का वडा अध्यक्ष निरकबहादुर शाही, वडा नं. ४ का वडा अध्यक्ष टिकाराम शाही, वडा नं. ५ का वडा अध्यक्ष नारायण प्रसाद रेग्मी, वडा नं. ६ का वडा अध्यक्ष बखत बहादुर बोहोरा, वडा नं. ७ का वडा अध्यक्ष इन्द्रप्रसाद चौलागाई, वडा नं. ८ का वडा अध्यक्ष वीरबहादुर शाही र वडा नं. ९ का वडा अध्यक्ष नन्दप्रसाद जैसीले आ-आफ्नो वडामा गरेको गतिविधिको बारेमा जनाएका थिए।

# ‘बाटोको समस्या छैन, विद्युत र खानेपानीलाई प्रथामिकता’



दैलेखको निर्वाचन क्षेत्र नं. २ मा बाटोको समस्या नभएकाले आगामी दिनमा विद्युत र खानेपानीलाई प्रथामिकता दिने प्रतिनिधि सभा सदस्य राजबहादुर बुढाले बताउनु भएको छ । निर्वाचन क्षेत्र अन्र्तगतका कार्यक्रममको अनुगमन गर्ने क्रममा शनिबार चामुण्डाविन्द्रासैनी नगरपालिका पुग्नु भएका उहाँले यस्तो बताउनु भएको हो । सबै स्थानीय तह र वडामा बाटो ।’ ती बाटाहरुलाई थप स्तरीय बनाउन पर्छ ।’ उहाँले भन्नुभयो- आगामी दिनमा विद्युत र खानेपानीलाई प्रथामिकता राख्ने उहाँको भनाई छ । विगतमा केन्द्रीय सरकारको मातहतमा रहेको मजुवा खानेपानी हाल पूदेश सरकार मातहतमा रहेको बताउनु भयो । हाल मजुवा खानेपीमा बजेट प्रदेश सरकारले नै छुट्याउनु पर्नेमा उहाँले बताउनु भयो । चामुण्डाविन्द्रासैनीको खानेपानीको समस्या समधान गर्नका लागि कर्णाली र रामघाटबाट लिफ्टिङ्ग गर्नुका साथै खानेपानीको मुहानलाई संरक्षणमा जोड दिनु उहाले बताउनु भयो । साथै अबको तीन/चार वर्षभित्र सबै वडामा विद्युत लाईनलाई विस्तार गरिसक्ने उहाँले बताउनु भयो । सरकार र जनताले आ-आफ्नो जिम्मेवारी पुरा गरेपछि मुलुकलाई अर्थतन्त्रमा मजबुत हुने उहाँले बताउनु भयो । ‘साझा सवालमा सरकारले जिम्मेवारी लिनुपर्छ, ‘उत्पादन र काम गर्नेमा जनताले जिम्मेवारी लिनुपर्छ ।’ उहाँढले भन्नुभयो-

सरकारको प्रयासबाट मात्र समृद्धि हासिल गर्न नसकिने भएकाले जनताको सहयोगको खाँचे पर्ने उहाँको भनाई छ ।

चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सुर्यबहादुर शाहीले विकासका लागि एकताको आवश्यकता पर्ने बताउनु भयो । उहाँले भन्नुभयो-‘जबसम्म एकता हुदैन, ‘तबसम्म विकासले गति लिदैन ।’ विकास लागि सबै जनता एकजुट हुनुपर्छ ।’ नगरपालिकाले बेरोजगार र गरिविलाई न्युनिकरण गर्नका लागि आय-आर्जनका कार्यक्रमलाई प्रथामिकता दिईएको उहाँले बताउनु भयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति दैलेखका उप-प्रमुख लक्ष्मीदेवी शाहले विगतको तुलना वर्तमान समय विकास निर्माणले तिव्र गति लिएको बताउनु भयो ।

जिल्ला समन्वय समिति दैलेखका सदस्य सर्बराज महतराले आगामी वर्षको नीति तथा कार्यक्रममा आय आर्जनका कार्यक्रमलाई प्रथामिकता दिन सुझाव दिनुभयो ।

यसैगरी नेपाल कम्युनिष्ट पार्टीका नेता तिलकप्रसाद रिजालले विकास निर्माणका कामलाई सहमतिबाट गर्न आग्रह गर्नुभयो । पार्टीको हितमा हुने गरी जनप्रतिनिधि र कार्यकर्ताले काम गर्नुपर्ने उहाँको सुझाव छ ।

अनुगमनका क्रममा निर्वाचन क्षेत्र विकास कोष अन्र्तगत चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ४ को गडेजिउला देखि वडा नं. ३ को मोटेलासम्मको बाटोको अनुगमन गरिएको थियो ।

# दाना उद्योग स्थापना



दैलेख । सुर्खेत, नेपालगंज र बुटवलको दानाको भरमा यहाँका गाउँगाउँमा पाल्दै आएको ब्वाईलर कुखुरा अव, जिल्लामै दाना उत्पादनपछि सहज हुने भएको छ । चामुण्डाविन्द्रासैनी नगरपालिकाकाका प्रमुख सुर्यबहादुर शाहीले आइतवार ज्वाला दाना उद्योगको उद्घाटन गरे ।

चामुण्डाविन्द्रासैनी नगरपालिका -२ चाल्ने गाउँमा रहेको उद्योगको भवन उद्धाटन गरेका हुन् । नगर प्रमुख शाहीले ब्वाईलर कुखुराका लागि प्रयोग गरिने दाना आयतमा निषेधित गर्ने पनि बताए ।

गाउँमै स्थापना भएको उद्योग प्रवर्धनमा सहयोग गर्ने प्रमुख शाहीले उद्धोष गरे । दाना उद्योगको नवनिर्मित भवनको उद्धाटन गर्दै शाहीले जिल्लामै उद्योगधन्दा चलाए परनिर्भर हुनुपर्ने र आम्दानीका श्रोत बढ्ने बताए । प्रदेशकै नमुना उद्योग बनाउनका लागि उद्योग सञ्चालकहरु लाग्नुपर्ने सुझाव उद्धाटन कार्यक्रममा दिईएको थियो ।

ज्वाला उद्योगले प्रदेशमै आफ्नो ब्राण्ड वितरण गर्ने लक्ष्य लिएको छ । तत्काल जिल्लाका ११ स्थानीय तहमा पुग्ने लक्ष्य रहेको उद्योगका अध्यक्ष चन्द्रा ज्ञावलीले बताए । यो उद्योग जिल्लाकै पहिलो दाना उत्पादन गर्ने उद्योग हो । अनुदानमा उद्योगको भवन निर्माण गरिएको अध्यक्ष ज्ञावलीले बताईन् ।

उद्योगले कुखुरालाई पोषिलो तथा छिटो हुर्काउनका लागि अर्गानिक दाना तयार पार्ने जनाईएको छ । उद्योगले स्थानीयहरुलाई पनि रोजगारी दिने अध्यक्षले जानकारी दिईन् ।

उद्योग सञ्चालन गर्नका लागि भवन संस्थाहरुले स्थापना गरेपनि उद्योग खर्च कति भन्ने अँझै एकिन नभएको अध्यक्ष ज्ञावलीले बताईन् । चामुण्डाविन्द्रासैनी नगरपालिकाले दुई लाख अनुदान सहयोग गरेको छ । ‘दाना उत्पादन अहिले जिल्लामा वितरण गर्ने लक्ष्य रहेको छ ।’ अध्यक्ष चन्द्रा ज्ञावलीले भनिन् : ‘त्यसपछि यसको बजार वितरण प्रदेशभरी गरिने लक्ष्य राखेका छौं ।’

# वार्षिक समीक्षा

बुलगारी परियोजना अर्न्तगत चामुण्डाविन्द्रासैनी नगरपालिकामा संचालित युवा सशक्तिकरण कार्यक्रमको वार्षिक समीक्षा गरिएको छ। जम्बुकाँधमा चामुण्डाविन्द्रासैनी नगरपालिका समन्वय, र सेभ द चिल्ड्रनको आर्थिक सहयोग एभरेष्ट क्लवको आयोजनामा परियोजनाले सन् २०१८ मा गरेको कार्यक्रमको समीक्षा गरिएको हो।

परियोजनाले सन् २०१८ मा १८ देखी २२ वर्ष उमेर समुहका वेरोजागर युवालाई विभिन्न सिप विकास तथा लघु उद्यम तालिम संचालन गरी रोजगार सिर्जना गरिएको तथ्यांकमा उल्लेख छ। जसमध्य फर्निचर, सिलाई कटाई, कम्प्युटर मर्मत, कुखुरा पालन, हाउस वारिङ्ग, खुद्रा पसल र हेयर कटिङ्ग लगायतको तालिम संचालन गरी २८ जना युवालाई रोजगार सिर्जना गरिएको थियो।

यसैगरी परियोजनाले चामुण्डाविन्द्रासैनी नगरपालिकाका ५ वटा सामुदायक विद्यालयमा ८, ९ र १० मा पढन पाठन गर्ने आर्थिक रुपमा विपन्न तथा विद्यालय बाहिर रहेका २४ जना बालबालिकालाई छात्रवृत्ति वितरण गरिएको एभरेष्ट क्लवका फिल्ड अधिकृत टेकराज न्यौपाने जानकारी दिए।

जसमध्य जयदेव माध्यमि विद्यालय जम्बुकाँधका ५ जना, विन्द्रासैनी माध्यमिक विद्यालयका ५ जना, धर्मदेव माध्यमिक विद्यालयका ५ जना, चामुण्डा माध्यमिक विद्यालयका ५ जना र आनन्द माध्यमिक विद्यालय सिमशेरका ५ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको थियो। छात्रवृत्ति प्रदान पछि बालबालिकाहरु विद्यालयमा निरन्तरता बढाएको परियोजनाको तथ्यांकमा उल्लेख छ।

साथै सन् २०१८ मा बुलगारी परियोजना र चामुण्डाविन्द्रासैनी नगरपालिका संयुक्त लगानी युवालाई रोजगार सिर्जना उद्देश्यका साथ नगरपालिकाको वडा नं. २ मा कुखुरा पालनको लागि दाना मिल संचालन गरिएको जनाईएको छ। जसबाट ५ जना प्रत्यक्ष रुपमा रोजगार जोडिएको न्यौपानेले जानकारी दिए।

चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेख नगर प्रमुख सुर्यबहादुर शाहीले परियोजनाले गरेको कामको प्रसंशा गर्दै युवालाई रोजगार सिर्जना गर्न आगामी दिनमा परियोजनासंग समन्वय गर्ने प्रतिवद्धता जनाए।

नगर प्रमुख शाहीको अध्यक्षता भएको कार्यक्रम चामुण्डाविन्द्रासैनी नगरपालिकाका उप प्रमुख ताराकुमारी शाही, सबै वडाका वडा अध्यक्ष, सेभ द चिल्ड्रेनका कार्यक्रम अधिकृत मतिलाल ढकाल, कार्यक्रम संयोजक टेकराज आचार्य लगायतको उपस्थित रहेको थियो।

# विपद् व्यवस्थापना ऐन पास

विपद् व्यवस्थापनलाई न्युनिकरण गर्न चामुण्डाविन्द्रासैनी नगरपालिकाले विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन पास भएको छ। शनिबार जम्बुकाँधमा भएको नगरसभाको तेश्रो बैठकबाट विद्येयक समितिका संयोजक वीरबहादुर शाहीले पेस गरेको विपद् व्यवस्थापन ऐन पास भएको हो।

नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद् बाट सर्वसाधारणको जीउ ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण गर्न ऐन ल्याएको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगरप्रमुख सूर्यबहादुर शाहीले बताए।

हरियाली सडकले मात्र नगरको समृद्धि हासिल गर्न सक्ने भएकाले नगरपालिकाले बजेट विनियोजित गरि आगामी वर्ष नगरपालिका प्रत्येक सडक सञ्जालमा आयमुलक सहित हरियाली सडक बनाउने नीति रहेको उनले बताए।

उनले भने 'हामी भन्छौं समाजवाद ल्याउनु पर्छ।' के सडकलाई हरियाली बनाएर समाजवाद आउँछ त ? समाजवाद ल्याउनका लागि हरियाली सडक होइन, आयमुलक हरियाली सडक बनाउनु पर्ने उनको तर्क छ। नगरवासीलाई आर्थिक रुपमा सबल बनाउन आयमलुक हरियाली सडकलाई अघि सारिएको उनको भनाई छ। आगामी आर्थिक वर्षको बजेट जनतामुखी भएकाले कार्यान्वयमा सबैले सहयोग गर्न उनले आग्रह गरे।

यसैबीच चामुण्डाविन्द्रासैनी नगरपालिका उपप्रमुख ताराकुमारी शाही (खत्री) ले सभामा प्रस्तुत गरेको आर्थिक ऐन २०७६ सर्वसम्वत पास भएको छ। नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरीसम्पत्ति कर लगाइने उपप्रमुख शाहीले प्रस्तुत गरेको आर्थिक ऐनमा उल्लेख छ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन।

चालु आर्थिक वर्षमा करिव २३ लाख राजश्व संकलन गर्न सफल भएको नगरपालिकाले आगामी आर्थिकमा ४० लाख राजश्व उठाउने लक्ष्य लिएको उपप्रमुख शाहीले बताईन्। समृद्ध नगर बनाउनका आर्थिक ऐन पास गरिएको उनले बताईन्। साथै विपद् व्यवस्थापन सम्बन्धि कानून नहुदाँ विपद् परेका व्यक्तिलाई राहत दिन कठिनाई भएको उनले बताईन्। अब ऐन जारी भएपछि विपद् परेका व्यक्तिलाई राहत दिन सहज हुने उनको भनाई छ।

# बेच्ने र मदिरा सेवन गर्नेलाई कडा सजाय गर्छौं



जथाभावी मदिरा बेचविखन गर्नेलाई कडा कारवाही गरिने चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सुर्यबहादुर शाहीले बताएका छन । शुक्रबार जम्बुकाँधमा प्रगतिशल नगर स्तरीय महिला संजालले सामाजिक कुसंस्कार विरुद्ध आयोजना गरेको तीज विशेष कार्यक्रममा उनले यस्तो बताएका हुन । मदिरा र लागु पदार्थकै कारणले महिला हिंसा र घरेलु हिंसा हुने भएकाले मदिराको प्रयोगलाई रोक्नका लागि नगरपालिकाले मदिरा कार्यविधि लागु भएको उनले जानकारी दिए ।

कोही कसैले मदिरा विक्रि वितरण र मदिरा उत्पादन गरेको पाइएमा मदिरा कार्यविधि बमोजिम कारवाही गरिने उनको भनाई छ । नगरपालिका र प्रहरी एक्लैको प्रयासले मात्र नियन्त्रण गर्न असम्भव हुने भएकाले मदिरा नियन्त्रण गर्नका लागि सबैको सहयोगको जरुरी पर्ने उनले बताए । साथै नगरवासीको जीउ धनको शान्ति सुरक्षाका लागि नगरपालिका कटिवद्ध भएर लागि रहेको उनले जानकारी दिए । ‘घरेलु हिंसा र महिला हिंसालाई नियन्त्रण गर्नका लागि महिलाहरु पनि आर्थिक रुपमा बलियो बन्नु पर्छ ।’

उनले भने- ‘जबसम्म महिलाहरु आर्थिक रुपमा बलियो बन्नदैनन्, तबसम्म समाजमा महिला हिंसा र घरेलु हिंसा कायम रहनेछ ।’ आर्थिक रुपमा बलियो बन्नका लागि अब महिलाहरु कृषिसंग जोडिनु पर्नेमा नगर प्रमुख शाहीले जोड दिए ।

कार्यक्रममा उप-प्रमुख ताराकुमारी शाही (खत्री)ले मदिराकै कारणले गर्दा पछिल्लो समय घरेलु हिंसा बढ्दै गएको बताईन । न्यायिक समितिमा आउने उजुरीहरुलाई अनुसन्धान गर्दा अधिकांस घट्नाहरु मदिराकै कारणले हुने गरेको उनले बताईन । जबसम्म मदिरा पुर्णरुपमा नियन्त्रण हुदैन तबसम्म घरेलु हिंसाले जरा गाडी रहेने उनको भनाई छ । मदिराकै कारणले गर्दा बालबालिकाहरु सानै उमेरमा विवाह हुने गरेको बताईन । मदिरा सेवन गर्ने आफ्न्तहरुबाट बालिकाहरु असुरक्षित मसुस गरी सुरक्षीत स्थानको खोजीका लागि कम उमेरमै विवाह गर्ने गरेको उनले बताईन ।

प्रगतिशल महिला संजालका अध्यक्ष अम्बिका बोहोराको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. १ का वडा अध्यक्ष रंगबहादुर तामाङ, वडा नं ३ का अध्यक्ष निरकबहादुर शाही, वडा नं. ६ का अध्यक्ष बखतबहादुर बोहोरा लगायतले आ-आफ्नो भनाई राखेका थिए ।

# मदिरा सेवन गर्नेलाई कारवाही, प्राविधिकलाई रोजगार

चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेखले मदिरा सेवन गर्ने अवैद्य रुपमा विक्रि गर्ने दुवैलाई कारवाही गर्ने भएको छ । शनिबार बसेको नगर सभा बैठकले समाजमा शान्ति सुरक्षा कायम गर्न मदिरा नियन्त्रण कार्यविधि पास गरी यस्तो कानून बनाएको हो। विद्येयक समितिका संयोजक वीरबहादुर शाहीले पशे गरेको मदिरा नियन्त्रण विद्येयक-२०७५ सर्वसम्मत पारित गरिएको थियो ।

नगर क्षेत्रभित्र घरेलु मदिरा विक्रि वितरण गर्ने, घरेलु मदिरा उत्पादन प्रयोग हुने सामाग्री प्रयोग गरेको खण्डमा नगरपालिकाबाट प्राप्त गर्ने सेवा सुविधाबाट वञ्चित गरिनुका साथै आर्थिक जरिवाना गरिने विद्येयक समितिका संयोजक शाहीले पेश गरेकोको कार्यविधिमा उल्लेख छ ।

यसैगरी कार्यविधि लागु भएको मितिले पहिलो पटक मदिरा विक्रि वितरण गरेको खण्डमा ३ हजार, दोश्रो पटक, ५ हजार, तेश्रो पटक १० हजार र चौंथो पटक विक्रि वितरण गरेको पाइएमा १५ हजार सम्म जरिवाना गर्ने व्यवस्था छ ।

यस्तै मदिरा सेवन गरी सार्वजनिक स्थलमा होहल्ला गर्ने व्यक्तिलाई पहिलो पटक १ हजार ५ सय, दोश्रो पटक २ हजार ५ सय, तेश्रो पटक ३ हजार ५ सय र चौंथो पटक मदिरा सेवन गर्ने व्यक्तिलाइ ५ हजार जरिवाना गरिनुका साथै नगरपालिकाबाट प्रवाह गरिने सेवा सुविधाबाट वञ्चित गरिने कार्यविधिमा उल्लेखत छ ।

नगर प्रमुख सुर्यबहादुर शाहीले मदिरा नियन्त्रण गर्दै नगरपालिकालाई मदिरा निषेध गरिने बताए । नागरिकहरुलाई शान्ति सुरक्षा कायम गर्नका लागि मदिरा नियन्त्रण कार्यविधि पास गरिएको उनले बताए ।

यसैगरी प्राविधिक शिक्षा अध्ययन गरी सकेका युवाहरुलाई रोजगारी सिर्जना गर्नका लागि स्वयंसेवक परिचालन (संचालन कार्यविधि) सम्बन्धि ऐन-२०७५ सर्वसम्मत पारित गरिएको छ । अब प्राविधिक विषयमा एमविविएस डाक्कर, विएससि नर्सिङ्ग, विफार्मेसि बिई इन्जिरियर र विएसी एजी स्नातक तह उर्त्तिण गरेका युवाहरुलाई रोजगारी दिने स्वयंसेवक परिचालन ऐनमा उल्लेख छ ।

यसैगरी मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह, एच ए, स्टाफनर्स, ल्याब टेक्निशियन, फार्मेसी सुपरभाईजर , रेडियोग्राफर र जेटीहरुलाई रोजगार दिने व्यवस्था गरिने नगर प्रमुख शाहीले जानकारी दिए ।

प्राविधिक विषयमा एसएलसी उत्तिर्ण गरेका युवाहरुलाई पनि रोजगारि दिने कार्यविधिमा उल्लेख छ ।

यसैगरी व्यवसाय कर नियमावली २०७५, भवन निर्माण सम्बन्धी मापदण्ड र भवन निर्माण अनुमति तथा नक्शा पसा सम्बन्धी कार्यविधि २०७५, अनाथ तथा जोखिम बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेका ऐन-२०७५, चामुण्डाविन्द्रासैनी नगरपालिका एक वन एक जनप्रतिनिधि वन संरक्षण कार्यक्रम संचालन कार्यविधि २०७५ र चामुण्डाविन्द्रासैनी नगरपालिका एम्बुलेन्स संचालन कार्यविधि २०७५ सर्वसम्मत पारित गरिएको छ ।

# पारिवारिक महोत्सवको बहिष्कार

दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर-प्रमुख सुर्यबहादुर शाहीले काठमाडौंको होटेल ह्यात रिजेन्सीमा आयोजना हुने शान्ति तथा पारिवारिक महोत्सवमा सहभागिता नहुने घोषणा गरेका छन ।

नेपाल सकरार/संघिय संसद तथा युनिमर्सल पीस फेडेरेसन नेपाल र विश्व शान्ति तथा एकिकृत परिवारसंघले यही मंसिर १६ गते आयोजना गरेको महोत्सवमा सहभागि नहुने घोषणा गरेका हुन । पालिकाका प्रमुख, उप-प्रमुख एकै समयमा पालिका नै खाली हुनेगरी कार्यक्रममा सहभागी हुन न्यायचित हुदैन ।' कार्यक्रममा ७५३ पालिका तथा ७७ जिल्लाका प्रमुख, उप-प्रमुख, सातै प्रदेशका प्रदेश सभा सदस्यह, प्रतिनिधि सभाका सदस्य दम्पीहरु र प्रदेश सरकार र केन्द्र सरकारका मन्त्री तथा सबैका दम्पती गरी ५ हजार भन्दा धेरैको सहभागिता हुन्छ ।'

'यो कार्यक्रममा सहभागी हुन पालिकाले आउने-जाने खर्चको व्यवस्थापना आफै गर्नुपर्ने रहेछ ।' 'यो कार्यक्रममा सहभागि हुने खर्च बचाएर जनताको समस्यालाई समधान गर्न सकिन्छ,' उनल भने ।

'यता जनताले खानेपानी पाएका छैन, 'महोत्सवमा गएर खर्च भन्दा जनताको दैनिक भोग्दै आएको खानेपानीको समस्यालाई यही रकमबाट समधान गर्न सकिन्छ ।' उनले भने ।

साथै परिवारिक महोत्सवमा खर्चहुने रकमबाट सातै प्रदेशको डि.पि.आर, गुरुयोजना निर्माण गर्न सकिने उनको धारणा छ ।

# ‘नमुना र गुणस्तरीय काम गर्नुहोस’

चामुण्डाविन्द्रासैनी नगरपालिकाले नमुना र गुणस्तरीय काम गर्न जिल्ला समन्वय समिति दैलेखका प्रमुख प्रेमबहादुर थापाले सुझाव दिएका छन । शुक्रबार चामुण्डाविन्द्रासैनी नगरपालिकाले विकास साझेदार निकायहरुका लागि आयोजना गरेको दुई दिने कार्यशाला गोष्ठीको उद्घाटन सत्रमा यस्तो बताएका हुन । ‘ चामुण्डाविन्द्रासैनी अन्य नगरपालिकाको तुलनामा नमुना गरेको प्रशंसा गर्दै, ‘अगामी दिनमा नमुना गर्नेछ ।’ उनले भने-

आगामी दिनमा ठाउँ-ठाउँमा बाटो खोल्ने मलाई प्रथामिकता नदिई भएका मुख्य बाटाहरुलाई थप स्तर उन्नती गर्न सुझाव दिए ।

द्वन्द्वको समयमा गैर-सरकारी संस्थाहरुले द्वन्द्व पीडितको घाउमा मलम लगाउने काम गरे । त्यो समयमा गैर-सरकारी संस्थाहरुले विकास निर्माणका कामलाई पनि उत्तिकै चासोका साथ हेरे । उनले भने,- प्रदेश सरकारले पनि एनजिओहरुसंग विकास साझेदारका कार्यमा हातेमालो गरेर अघि बढ्नुपर्छ ।

उच्च मुल्य कृषि विकास आयोजनाका प्रमुख राजेन्द्रप्रसाद भारीले आयोजनाले आगामी दिनमा नगरपालिकासंग सहकार्य गर्ने प्रतिवद्धता जनाए ।

‘नगरपालिकाले व्यवसायी र आधिककरण कृषिसंगै मुल्य श्रृखलामा ध्यान दिनेछ ।’ अब अर्गेनीक खेती संगै रैथाने बाली संरक्षणमा पनि ध्यान दिनुपर्ने आजको आवश्यकता हो,’ उनले भने ।

साथै कृषिलाई आधुनिकरण र व्यवसायिकरण बनाउनका लागि सिंचाईलाई प्रथामिकता दिन सुझाव दिए ।

# ‘तपाई लगानी गर्नुहोस्, सुरक्षा ग्यारेण्टी हाम्रो’

चामुण्डाविन्द्रासैनी नगरपालिका प्रमुख सुर्यबहादुर शाहीले लगानी कर्ताको सुरक्षाको ग्यारेण्टी नगरपालिकाले लिने प्रतिवद्धता जनाए । नगरपालिकाले एकद्धवार प्रणालीमा योजनाहरु लागु गर्ने उद्देश्यले गोष्ठीको आयोजना गरिएको उनले बताए । ‘तपाई लगानी गर्नुहोस, एउटै शिर्षकमा गर्नुहोस, ‘कार्यक्रममा दोहोरोपन ल्याउन गरी लगानी नगर्नुहोस ।’ उनले भने,-एउटा वडामा एउटा मात्र नमुना काम गरिदिनुहोस ।’ नगरपालिका तपाईहरुसंग सहकार्य गरी अघि बढ्न तयार रहेको उनको भनाई छ ।

साथै कृषिलाई व्यवसायिकरण गराउन आफुले ग्रागीको पानीको पोखरीमा, पोखरीको पानी बारीमा भन्ने नीति तय गरेको उनले जानकारी दिए । चामुण्डाविन्द्रासैनी नगरपालिकाले आयमुलक र बाटाहरुको नीति अघि सारेको उनले बताए । उनले भने, ‘हरियाल मात्रले सम्बृद्ध नगरपीलका निर्माण गर्न सकिदैन ।’ नगरपालिकाका बाटाहरुलाई आय मुलक बनाउदै छौ ।’ तपाई नगरपालिकालाई के सहयोग गर्नु हुन्छ उनको प्रश्न थियो ।

यस्तै शिक्षालाई प्रणालीलाईपनि आय-आर्जनसंग जोडर लैजाने नगरपालिकाको योजना रहेको उनले जानकारी दिए । बेरोजगारी युवाहरुलाई स्वरोजगार बनाउनका लागि नगरपालिकाले व्यवसायी शिक्षा र प्राविधिक शिक्षालाई जोड दिने उनको भनाई छ । अबको केही समयमा नगरपालिकाले घर सम्बन्धी पाठ्क्रम र स्थानीय पाठ् यक्रम तयार गर्ने उनले जानकारी दिए ।

नगरप्रमुख शाहीको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा जिल्ला विकास समिति दैलेखका पुर्व उप सभापति सुर्यबहादुर शाही, प्रधानमन्त्री आधुनिक परियोजना, अदुवा वेसार जोन प्रमुख



चित्रबहादुर रोकाय, जिल्ला समन्वय समिति दैलेखका उप-प्रमुख लक्ष्मी शाह, चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेका उप-प्रमुख ताराकुमारी शाही (खत्री), इलाका प्रशासन कार्यालय दुल्लुका विनोद बानिया र गैर-सरकारी महासंघ दैलेखका अध्यक्ष महारुप खत्री लगायत कर्णाली प्रदेश र प्रदेश नं. ५ का सरकारी तथा गैर-सरकारीका प्रमुख एवम् प्रतिनीधिको उपस्थित थियो ।

गोष्ठी आज (शनिबार) सम्म संचालन हुने आयोजकले जनाएको छ ।

# चामुण्डाको दोश्रो नगरसभाले गर्‍यो १८ विद्येयक पारित




चामुण्डाविन्द्रासैनी नगरपालिका दैलेखको दोश्रो नगरसभा शुक्रबार जम्बुकाँधमा सम्पन्न भएको छ । नगरपालिका नगर प्रमुख सुर्यबहादुर शाहीको अध्यक्षतामा भएको नगरसभामा १८ वटा विद्येयकहरु पास गरेको हो ।

कृषिलाई आधुनिक र व्यवसायिकरण गराउन कृर्षि व्यवसाय प्रवर्द्धन विद्येयक पास गरेको छ । नगरपालिकालाई कृषि पर्यटकीय क्षेत्र बनाउनका लागि कृषि व्यवसाय प्रवर्द्धन विद्येय पास गरिएको नगर प्रमुख शाहीले जानकारी दिए ।

नगरपालिकाको दैनिकको काम काजलाई सहज बनाउका लागि स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन विद्येयक पारित गरिएको छ । विद्येयक समितिका संयोजक एवम् वडा नं. ८ का वडाअध्यक्ष वीरबहादुर शाहीले पास गरिहोस भनि पेश गरिएको विद्येयकलाई बहुमत सदस्यहरुले पारित गरेका थिए ।

यसैगरी स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन विधेयक, .प्रशासकिय कार्यविधि, .नागरिक वडापत्र विधेयक, .एफ.एम.रेडियो व्यवस्थापन तथा संचालन विद्येयक, सहकारी विद्येयक, चामुण्डाविन्द्रासैनी नगरपालिका संसोधित विनियोजन विद्येयक, .स्थानिय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धि विद्येयक, .नगरपालिकाका पदाधिकारीहरुको लागि आचार सहिंता विद्येयक पास गरिएको छ ।

यस्तै .बजार अनुगमन विद्येयक, .स्थानिय राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, .“घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि विद्येयक, एकिकृत सम्पत्ति कर व्यवस्थापन विद्येयक, .न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, नगरपालिकाको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थि तगर्न बनेको विद्येयक, चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षा विद्येयक, .सामाजिक परिचालन तथा सुशासन कार्यक्रम प्रस्तावना विद्येयक २०७४ पास गरिएको छ ।

नगरसभामा नगर उप-प्रमुख ताराकुमारी शाही -खत्री)ले आवश्यकताका आधारमा आगामी दिनमा विद्येयक संशोधन गर्ने बताईन । नगरसभाबाट पास भएका यी विद्येयकहरुलाई पुर्ण रुपमा कार्यन्वय भएपछि चामुण्डाविन्द्रासैनी नगरपालिका सम्बृद्ध बन्ने दावी गरिन् ।

## नगर प्रमुख शाही भन्छन्:

# 'प्रजनन् स्वस्थलाई स्थानीय पाठ्यक्रममा समावेस गर्छौं'



प्रजनन् स्वास्थ्यलाई नगरपालिकाले निर्माण गर्नका लागिएको स्थानीय पाठ् यक्रममा समेटिने चामुण्डाविन्द्रासैनी नगरपालिका नगर-प्रमुख सूर्यबहादुर शाहीले बताएका छन। मंगलबार जम्बुकाँधमा सेभ द चिल्ड्रेनको आर्थिक सहयोग, एभरेष्ट क्लव समन्वय र चामुण्डाविन्द्रासैनी नगरपालिकाले आयोजना गरेको नेपाली युवाका लागि स्वस्थ रुपान्तरण परियोजनाको बारेमा जानकारी दिने उद्देश्यले आयोजना गरिएको नगर स्तरीय परिचयात्मक कार्यक्रममा उनले यस्तो बताएका हुन। आफ्नो नगरपालिकालाई छनौट गरि परियोजना संचालन गरेकोमा सेभ द चिल्ड्रेन परियोजना र एभरेष्ट क्लवलाई धन्यवाद दिदै परियोजनाको कार्य संचालन अवद्यी कुनैपनि बाधा आउन नदिन सहयोग तयार रहेको । 'चेतनाको अभावले गर्दा युवाहरु प्रजनन् स्वास्थ्य सम्बन्धी अनविज्ञ छन ।' उनले भने, नगरपालिकाले स्वयम सेवक परिचालन सम्बन्धी कार्यविधि बनाई सकेको र निकट भविष्यमा परियोजनासंगै सहकार्य गरी अघि बढ्ने प्रतिवद्धता जनाए। मातृ मृत्यु दर घटाउनका उचित वातावरण तथा खानापान र स्यहार सुसारमा परियोजनाले विशेष जोडदिनु पर्ने उनले सुझाव दिए। यसैगरी कार्यक्रममा उप-प्रमुख ताराकुमारी शाही (खत्री)ले समृद्धि बाधक बालविवाह रहेको बताईन। प्रजनन् स्वस्थका बारेमा जानकारी नहुदै विवाह गर्छन, १६/१७ वर्षमा बच्चा जन्मिन्छन्। पढ्ने र बुझ्ने उमेरमा प्रजनन् स्वस्थ सम्बन्धी समस्या आउँछ। उनले भनिन्-

एभरेष्ट क्लव दैलेखका अध्यक्ष दीपककुमार शाहीले परियोजनाले १५-२४ वर्ष उमेर समुहका युवासंग प्रजजन् स्वास्थ्य सम्बन्धी काम गर्ने जानकारी दिए। विवाहित र अविवाहित युवाहरुको छुटा छुटै समुह बनाई झण्डै १३ हजार युवाबीचमा काम गर्ने उनले बताए। यस नवजात तथा मातृ शिशुको मृत्यु दर घटाउने र जन्मान्तर बढाउने परियोजनाको लक्ष्य रहेको उनको भनााई छ। दैलेख जिल्लामा युवा जनसंख्या धैरै भएको तर प्रजनन् स्वस्थ सेवा कम लिने तथ्यांकको आधारमा परियोजना छनौट भएको उनले जानकारी दिए।

यो परियोजना चामुण्डाविन्द्रासैनी नगरपालिकामा सेभ द चिल्ड्रेन आर्थिक सहयोग र एभेरष्ठ क्लवको समन्वयमा सन् २०१८ मे १ तारिख देखि सन् २०२१ अप्रेल ३० तारिखसम्म लागु हुने जनाईएको छ।

नगर प्रमुख अनुरोध

# 'छाउहुँदा घरमै बस्नुहोस, देउता रिसाउदैनन्'

महिनावरी हुदाँ बढी सरसफाईको खाँचो पर्ने चामुण्डाविन्द्रासैनी नगरपालिकाका नगर प्रमुख सूर्यबहादुर शाहीले बताउनु भएको छ । बुधबार जम्बुकाँधमा चामुण्डाविन्द्रासैनी नगरपालिका महिला तथा बालबालिका सामाजिक विकास शाखाले आयोजनामा किशोरी विकास कार्यक्रम, जीवन उपयोगी तथा सेनेटरी प्याड बनाउने सम्बन्धी तीन दिने तालिमको उद्घाटन गर्दै यस्तो बताउनु भयो। 'भगवान पार्वती, राधा लगायतका भगवत्ति छाउ हुन्थ्ये, 'उनीहरु कहिले अल्गै छाउ गोठमा बस्थेनन् ।' 'छाउ वार्ने संस्कार देउताले बनाएका होइन, 'यो परम्परा मानव समाजले संस्कार हो ।' 'छाउ वार्ने गलत संस्कार हो, यो गलत संस्कारको अन्त्य गर्न सोच परिवर्तन गर्नुपर्छ ।' 'महिनावारी हुदाँ तपाईहरु घरमै बस्नुहोस, दही दुध खानुहोस, देउता रिसाउदैनन' उहाँले भन्नुभयो ।

साथै आफ्ना समस्यालाई समधान गर्न युवतिहरुलाई उत्पादनमा जोडिनुपर्ने उहाँले सुझाव दिनुभयो ।

कार्यक्रममा उप-प्रमुख ताराकुमारी शाही (खत्री) ले युवतिहरुले मोवाईल र इन्टरनेटको दुरुपयोग नगर्न सुझाव दिनुभयो । -'पढ्ने उमेरमा मोवाईल र इन्टरनेटको दुरुपयोग गरी उमेर नपुग्दै विवाह गर्छन ।' '२०/२२ वर्षको उमेरमा २/३ वटा छोरा-छोरी जन्मिन्छन ।' 'उमेर परिपक हुन्छ, 'भविष्यको चिन्ता गर्छन, श्रीमान श्रीमति बीच द्वन्द्ध सुरु हुन्छ,' 'सम्बन्ध विच्छेद गर्न अदालत जान्छन ।' उहाँले भन्नुभयो ।

साथै विश्व हाक्नका लागि महिलाहरु आफैमा समक्ष हुनुपर्ने उहाँको जोड दिनुभयो । 'महिलाहरु आत्महत्या गर्नका लागि जन्मिएका होइनौं, केही गर्नका लागि जन्मिएका हौं' उहाँले



भन्नुभयो ।

कार्यक्रममा वडा नं. ८ का वडा अध्यक्ष वीरबहादुर शाही र चामुण्डाविन्द्रासैनी नगरपालिका स्रोत व्यक्ति प्रेमलाल पुरीले तालिममा सिकेका कुरालाई व्यवहारमा लागु सहभागीलाई आग्रह गर्नुभयो ।

उप प्रमुख शाहीको अध्यक्षता उद्घाटन भएको तालिममा नगरपालिका ९ वटै वडाका युवतिहरुको उपस्थिति रहेको नगर महिला तथा बालबालिका कार्यालयका सहायक महिला विकास निरिक्षक मायाकुमारी सिंहले जानकारी दिनुभयो ।

# 'विकासमा सहकार्य गर्ने प्रतिवद्धता'

चामुण्डाविन्द्रासैनी नगरपालिका विकासे नीतिसंग सहकार्य गरी कार्यक्रम ल्याउने गैर सरकारी संस्थाहरुले प्रतिवद्धता जनाएको छन। विकास साझेदार निकायका लागि आयोजना गरेको दुई दिने कार्यशाला गोष्ठीमा यस्तो प्रविद्धवता जनाएका छन । नगरपालिकाले प्रस्तुत गरेको कार्यपत्र कार्यन्वन तथा नीतिहरुलाई समर्थन गरी पुर्णरुपमा लागु गर्ने, विकासमा एकद्धार प्रणाली अपनाउन सहमत जनाएका छन । यस्तै विकास निर्माणमा योजना तर्जुमाका सम्पुर्ण प्रक्रिया बमोजिम आ-आफ्नो बजेट तथा कार्यक्रम ल्याउने प्रतिवद्धता जनाएका छन ।

यता नगरपालिकाले पनि चामुण्डाविन्द्रासैनी नगरपालिकाले लगानीको वातावरण तयार गरी लगानी सुरक्षाको प्रत्याभुति गर्न नगरपालिका प्रमुख सुर्यबहादुर शाहीले प्रतिवद्धता जनाए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य चन्द्रा रावत उप-प्रमुख ताराकुमारी शाही (खत्री), दैलेख सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद देवकोटा, यु एन डि पी नेपालगञ्जका प्रमुख पदम विक लगायत जिल्ला स्थित सरकारी तथा गैर सरकारी संस्थाका प्रमुख एवम् प्रतिनीधिको सहभागी थियो ।

